## ११ विद्यार्थी संगठनको विरोध सभा

काठमाडौं । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीलाई लुटेरा समूहको संज्ञा दिँदै सरकारले प्रतिबन्ध लगाएपछि त्यसको चौतर्फी विरोध भइरहेको छ । उद्योगी व्यापारीहरु र स्थानीय निकायमा चन्दा आतंक मच्चाएपछि र एनसेल टावरमा बम पड्काई सर्वसाधारण नागरिकको हत्या भएपछि सरकारले विप्लव समूहलाई यस्तो संज्ञा दिएको हो ।

मुख्य विपक्षी दल नेपाली कांग्रेसले प्रतिबन्ध समस्याको समाधान नभई बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी

(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

वर्ष ७ अंक ४९, २०७५ साल चैत २२ गते शुक्रबार, नेपाल संवत् ११३९ (April 5, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## आर्थिक वृद्धि प्रक्षेपण

काठमाडौं । चालू आर्थिक वर्ष सन् २०७५/७६ (सन् २०१९) मा आर्थिक वृद्धिदर ६ दशमलव २ प्रतिशत हुने एसियाली विकास बैंक (एडिबी)ले प्रक्षेपण गरेको छ । आगामी आर्थिक वर्ष २०७६/७७ (सन् २०२०) मा भने आर्थिक वृद्धिदर ६ दशमलव ३ प्रतिशत पुग्ने पछिल्लो म्याक्रोइकोनोमिक अपडेटले देखाएको छ । चालू आर्थिक वर्षमा ७ देखि ८ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान नेपाल सरकारले गरेको छ । त्यस्तै, अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)ले भने साढे ६ प्रतिशत आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ ।

कृषि क्षेत्रको बाँकी ८ पेजमा

# नागरिकता विधेयक : फिजीकरणको खतरा

सम्पादकीय डेस्क

काठमाडौं । नागरिकतासम्बन्धी कानुनलाई नयाँ संविधान अनुकूल बनाउन सरकारले गत भदौमा ल्याएको विधेयक राष्ट्रहित प्रतिकूल रहेको बौद्धिक वर्गको विश्लेषण छ । नागरिकता बारेको विवाद संसदको राज्य व्यवस्था तथा सुशासन समितिले टुंगो लगाउन नसकेपछि राजनीतिक दलका शीर्ष नेताहरुसँग छलफल गरेर टुंगो लगाउने गरी नौ सदस्यीय उपसमिति बनाएको छ । संसदको तेस्रो अधिवेशनमा नागरिकता विधेयक पास हुन नसकेपछि यस्तो गरिएको हो । विवाद समाधान गर्न गठित उपसमितिमा नेकपामा विजय सुब्बा, यशोदा गुरुङ, नवराज सिलवाल, लक्ष्मी चौधरी, कांग्रेसका देवेन्द्रराज कँडेल, मीना पाण्डे, राजपाका राजकिशोर यादव, फोरमका रामसहायकप्रसाद यादव तथा नेमकिपाका प्रेम सुवाल सदस्य छन् ।

नेपाली पुरुष र विदेशी महिलाबाट जन्मिएका सन्तानले वंशजको आधारमा, तर नेपाली महिला र विदेशी पुरुषबाट जन्मिएका सन्तानले अंगीकृत



नागरिकता पाउने प्रस्ताव विधेयकले गरेको छ । जन्मसिद्ध नेपाली नागरिकका सन्तानहरुलाई नागरिकता दिने नाममा नेपालमा नजन्मिएका, स्थायी बसोबास नभएका सन्तानलाई र किर्ते जन्मसिद्ध नागरिकहरुका सन्तानहरुलाई समेत वंशजको नागरिकता दिने प्रावधानले सोझै लाखौं गैरनेपालीहरुले नेपालको वंशजको नागरिकता पाउने छन् । सरकारले भूराजनीतिक बनोटको देशको संवेदनशीलता समेत बेवास्ता गर्दै विधेयक ल्याएको छ । चीन र भारतजस्ता विशाल भूगोल र जनसंख्या भएका मुलुकका बीचमा अवस्थित छ नेपाल ।

विशेषगरी भारतीय दवाबमा अन्तरिम संविधान ०६३ संविधान जारी हुनुभन्दा अगाडि नै २०६३ मंसिर १० गते नागरिकता ऐन ल्याइएको थियो । त्यसमा विवादास्पद र राष्ट्रहित विपरीत प्रावधानहरु थिए । उक्त ऐनको आधारमा पहिलो संस्करणको संविधानसभा निर्वाचनअघि गृह प्रशासनले नागरिकता वितरण गर्‍यो । सीमावर्ती भारतीय गाउँहरुमा बसोबास गर्ने ठूलो संख्याका भारतीय नागरिकहरुले समेत किर्ते कागजात बनाई जन्मसिद्ध नेपाली नागरिकता लिन सफल भएका थिए । विघटित श्री ५ को सरकारको समयका कागजपत्र, छाप, लोगो र कार्ड प्रयोग गरी हिजाआज पनि तराईमा व्यापक रुपमा किर्ते नागरिकता किनबेच भइरहेका छन् । भारतीय पुरुष पक्षले नेपाली कन्या पक्षसँग दाइजो (दहेज) नलिई नेपाली नागरिकताकै आधारमा मात्रै पनि नेपाली कन्या बिहे गर्ने र भारतीय पुरुषले आफ्ना सासुससुरालाई आमाबाबु बनाई किर्ते नागरिकता बनाउने व्यापक प्रचलन रहेको छ ।

०६३ सालको कानुनमा नै मतदाता सूचीको आधारमा नागरिकता दिइएकाले लाखौं भारतीयहरुले नेपाली नागरिकता लिएको प्रस्ट छ । सो ऐन अनुसार गैरनेपालीलाई नागरिकता दिन ३ जनाको सिफारिस गरी लाखौं किर्ते नागरिकता लिएको तथ्यहरु प्रमाणित भइरहेका छन् । २०३६ सालको मतदाता नामावली (जसलाई त्यतिबेलै अध्यादेशद्वारा खारेज गरिएको थियो) लाई पनि आधार बनाएर ०४६ सालपछिका एकपछि अर्को ढंगले नागरिकता दिँदै गए । ०५४ सालमा जितेन्द्र नारायणदेवले नागरिकता नामावलीकै आधारमा नागरिकता वितरण गरेपछि सर्वोच्च अदालतले त्यस्ता नागरिकतालाई खारेज गर्‍यो । तर सरकारले भने सर्वोच्चको त्यो फैसलालाई अझै कार्यान्वयन गरेको छैन । शक्तिशाली नागरिकता छानबिन उच्चस्तरीय समिति बनाएर गैरनेपालीहरुको हातमा पुगेको नेपाली नागरिकता सरकारले खोस्नुपर्नेमा गैरनागरिकले सजिलै नागरिकता पाउने गरी दायरा फराकिलो पार्दै नागरिकता विधेयक सरकारले ल्याउनु देशकै निम्ति घातक छ ।

नेपाली पुरुषसँग बिहे गरेर आउने विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता पाउने व्यवस्था बाँकी ८ पेजमा

## नागरिकताबारे भारतीय संविधान

काठमाडौं । नेपालको संविधानको धारा ११ को उपधारा (७) अनुसार विदेशी नागरिकसँग बिहे गरेकी नेपाली महिलाबाट जन्मेको सन्तानले अंगीकृत नागरिकता पाउने व्यवस्था छ । जबकि भारतीय संविधानमा अंगीकृत नागरिकता पाउने प्रावधान समेत छैन । विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिलाको पति नेपालमै बसेपछि कानुन अनुसार नागरिकता लिएमा उनीहरुका सन्तानले नागरिकता पाउने प्रावधान पनि त्यही धाराले गरेको छ ।

भारतको संविधानमा त वंशजको नागरिकता लिन पनि भारतीय बाबु र आमाबाट बाँकी ८ पेजमा


## देउवाविरुद्ध मोर्चा

काठमाडौं । कांग्रेस सभापति शेरबहादुर देउवाविरुद्ध जिल्लास्तरीय नेताहरु सामूहिक रुपमा उत्रिएका छन् । गत आमनिर्वाचनमा नराम्ररी पराजित भएको कांग्रेस अहिले आन्तरिक लफडाले झन् थला पर्दैछ । सायद यसैलाई बुझेर होला प्रधानमन्त्री केपी ओलीले व्यंग्यवाण प्रहार गर्दै भनेका छन्- कहाँ छ कांग्रेस ? मत कतै पनि देखिन । संसदभित्र प्रमुख प्रतिपक्षको भूमिकामा रहेको कांग्रेसले प्रतिपक्षको धर्मसमेत निर्वाह गर्न नसकेपछि कांग्रेसको भविष्यबारे कांग्रेस समर्थकहरुले चिन्ता व्यक्त गरिरहेका छन् । कांग्रेसमा शेरबहादुर देउवाको नेतृत्वप्रति असन्तुष्ट जनाउने कांग्रेसीजनहरुको संख्या बलशाली देखिएको छ । त्रिपक्षीय गुटमा विभाजित कांग्रेस नेतृत्व एक भएर पार्टीलाई संगठित रुपले अघि बढाउने विषयमा मतैक्य हुन नसक्नु कांग्रेसकै निम्ति प्रत्युत्पादक बन्दै गएको छ । अहिले कांग्रेस सभापति शेरबहादुर देउवाविरुद्ध कांग्रेसकै असन्तुष्ट ५१ जिल्ला सभापतिहरुको दवाब समूह खडा भएको छ । ती समूहमा रामचन्द्र पक्ष र कृष्णप्रसाद सिटौला पक्ष बढी हावी भएका छन् ।

महासमितिले अनुमोदन गरेको निर्णय केन्द्रीय कार्यसमितिले उल्ट्याएपछि कांग्रेसका असन्तुष्ट ५१ जिल्ला सभापति दवाब दिन काठमाडौंमा भेला बाँकी ८ पेजमा

## कोणसभा तथा हस्ताक्षर अभियान









काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (माले) तथा राष्ट्रिय जनमोर्चाले कैलाली जिल्लाका १३ स्थानीय क्षेत्रहरुमा यही चैत्र १९ गतेदेखि सरकारले संसदमा प्रस्तुत गरेको राष्ट्रघाती नागरिकता ऐन संसोधन विधेयकविरुद्ध कोण सभा, पर्चा वितरण तथा हस्ताक्षर अभियान संचालन गरेको छ । स्थानीय सुखड बजार क्षेत्रबाट नेकपा माले तथा जनमोर्चाका सुदूरपश्चिम प्रदेश इन्चार्ज क्रमशः क. सुरेन्द्र ढकाल क. नन्दराज भट्टले हस्ताक्षर गरी अभियानको सुरुवात गर्नुभएको थियो । नेकपा मालेको सुदूरपश्चिम प्रदेश सचिव परेक रावलको अध्यक्षतामा भएको उक्त कोण सभामा मन्तव्य राख्दै इन्चार्ज ढकालले यस नागरिकता विधेयक राष्ट्रघाती भएको र यो संघीय संसदमा अनुमोदन भई लागू भएमा नेपाल फिजिकरण हुँदै सिक्किम हुने हुँदा यस संसोधन विधेयकको विरुद्ध नेकपा माले, नेकपा मसाललगायत अन्य दलहरुले राष्ट्रभर विरोध सभा र हस्ताक्षर अभियान शुरु गर्न परेको बताउनु भयो ।

विगतमा पनि यस्तै संसोधन गरी ६३ लाख भारतीयहरुलाई नेपाली नागरिकता दिएकै कारण सिके राउत प्रवृत्तिको जन्म भई बाँकी ८ पेजमा

## नागरिकता विधेयकविरुद्ध देशभक्तहरू सडकमा

काठमाडौं । नागरिकता ऐन संशोधन विधेयक २०७५ अहिले संघीय संसदमा छलफलको क्रममा रहेको छ । दुईतिहाईको नेकपा (नेकपा) को सरकारले पार्टीभित्र समेत छलफल नगराई अनि गृहमन्त्रीलाई समेत जानकारी नगराई चोर बाटोबाट संसदमा पेस गरिएको विधेयकले गम्भीर राष्ट्रघात निम्त्याउने भएकाले यसको विरुद्ध देशभक्त शक्तिहरु आन्दोलनमा उत्रिएका छन् । प्रखर राष्ट्रवादी कम्युनिस्ट नेताका रुपमा रहेका सीपी मैनाली, चित्रबहादुर केसीले आन्दोलनको नेतृत्व गरिरहनुभएको छ भने उहाँहरुको साथमा ६ वटा पार्टी तथा समूहको गठबन्धन रहेको छ ।

नागरिकता विधेयकविरुद्ध संघर्ष समन्वय समितिमा नेकपा (मसाल), नेकपा (माले), राष्ट्रिय जनमोर्चा, जनसमाजवादी पार्टी नेपाल, पुष्पलाल अध्ययन समाज र राष्ट्रिय जागरण परिषद् नेपाल आबद्ध रहेका छन् ।





उक्त समितिले २०७५ चैत १० देखि देशव्यापी रुपमा हस्ताक्षर संकलन, पर्चा वितरण, कोण सभा, आमसभा र विज्ञहरुको सहभागितामा सार्वजनिक सुनुवाई गर्दै आएको छ । चैत २४ गते राष्ट्रघाती विधेयकको भण्डाफोर कार्यक्रम माइतीघर मण्डलासहित देशव्यापी रुपमा गरेर लाखौं हस्ताक्षर सरकारलाई बुझाउने कार्यक्रम रहेको छ ।

काठमाडौं उपत्यकाका विभिन्न ठाउँमा भएका सार्वजनिक सुनुवाइसहितका आमसभाहरुमा संघर्ष समितिमा आबद्ध शीर्ष नेताहरु तथा विज्ञहरुले सम्बोधन गरेका छन् । गत मंगलबार शान्ति बाटिका रत्नपार्कमा आयोजित सार्वजनिक सुनुवाईलाई सम्बोधन गर्दै नेकपा (माले) का महासचिव सीपी मैनालीले नागरिकताको सवालमा नेपालमा कहीं नभएको जात्राको मञ्चन भइरहेको बताउनुभयो । हरेक आन्दोलनको सफलतापछि छिमेकी भारतको दवाबमा नागरिकताको विषय उठ्ने गरेको र बाँकी ८ पेजमा

## विद्यालयलाई सहयोग



सुरेन्द्र ढकाल फाउण्डेसन तथा श्री शिशुबोधनी माध्यामिक विद्यालयबीच यही चैत्र २० गते बुधबार धनगढीमा एक सम्झौता सम्पन्न भएको छ । जसअनुसार फाउण्डेसनले विद्यालयलाई रु ११०४०० को सहयोग गर्ने भएको छ । विद्यालयको लागि आवश्यक डेस्क र बेन्च खरिद गर्ने उद्देश्यले गरिएको उक्त सम्झौताको कुल लागत रु १३८००० भएको र बाँकी रकम रु २७६०० विद्यालयले आफैले ब्यहोर्ने छ । सम्झौतामा विद्यालयको तर्फबाट देवीराम बस्याल तथा दिलबहादुर विष्ट र फाउण्डेसनका तर्फबाट सुरेन्द्र ढकालले हस्ताक्षर गर्नुभएको थियो ।

## समय-सन्दर्भ

## राष्ट्रको सुरक्षामा संचारमाध्यमको योगदान

युवराज गौतम

प्रेस स्वतन्त्रताको इतिहास धेरै लामो छ । व्यक्तिगत र राजनीतिक स्वतन्त्रताको वैचारिक लडाईंमा प्रेसले खेलेको भूमिका प्रजातान्त्रिक राष्ट्रहरुको इतिहासमा अभिन्न अंग मानिन्छ । अमेरिकी राष्ट्रपति फ्रयांकलिन रुजवेल्टले सन् १९३० को दशकमा रेडियो संवादबाट प्रसिद्धि कमाए । उनको आर्थिक सुधार कार्यक्रमबारे जनताले रेडियोबाटै थाहा पाएका हुन् । जोन एफ केनेडीको कार्यकालमा भने टेलिभिजन आइसकेको थियो । सोही माध्यमबाट उनको भाषण सुनेर अमेरिकीहरु मोहित भए र सञ्चारमाध्यमले नै उनलाई लोकप्रिय बनायो । उनको नीतिबारे सञ्चारमाध्यमबाटै प्रचार भयो । भारतीय स्वतन्त्रता संग्रामका महारथिहरु महात्मा गान्धी, बल्लभभाई पटेल, जवाहरलाल नेहरु, बाल गंगाधर तिलक आदिले पत्रपत्रिकामा राष्ट्रवादी लेखहरु छापएर जनतामा जागरण ल्याए । तर २००७ सालको क्रान्तिमा भने नेपालमा संचारमाध्यम विकसित भइसकेको थिएन । आज नेपालको राजनीतिमा जुन तरंग आएको छ, त्यसमा आम सञ्चारका माध्यमहरु नै बढी प्रभावकारी देखिएको अनुभव सबैले गरेका छन् ।

संचार माध्यमलाई राष्ट्रको पहरेदार भनिन्छ । प्रजातान्त्रिक राष्ट्रका तीन प्रमुख अंग कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका जस्तै सचेत र जिम्मेवार हुनुपर्ने भएकाले प्रेस राज्यको चौथो अंग मानिएको हो । प्रेस स्वतन्त्रताको प्रश्न वाक् स्वतन्त्रता, संगठन स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, न्यायिक स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता आदिसँग गाँसिएको हुन्छ । प्रेसले सबैखालका स्वतन्त्रताका लागि संघर्ष गर्नुपर्ने भएकाले कर्तव्य र अधिकारको हेक्का राखेर संचारकर्मीहरु राष्ट्रिय हितमा क्रियाशिल रहनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता छ । साम्यवादी शासन भएका राष्ट्रहरुमा सरकार र पार्टीले जे आदेश दिन्छ, त्यसैलाई स्वतन्त्रता मान्नुपर्ने बाध्यता हुन्छ । ती देशमा प्रेस स्वतन्त्रताको आवाज उठाउनु मृत्युलाई निम्तो दिनु मात्र हो । प्रजातान्त्रिक राष्ट्रमा प्रेस स्वतन्त्रतासँग थुप्रै विषय गाँसिएका हुन्छन् । ती मध्येको सबैभन्दा महत्वपूर्ण विषय हो- राष्ट्रिय सुरक्षा । पत्रकारले राष्ट्र र समाजप्रति दोहोरो दायित्व लिएको हुन्छ । सत्य कुरा जनसमक्ष पुऱ्याउने दायित्व एकातिर छ भने 'सत्य कुरा' प्रचारप्रसार गर्दा राष्ट्रिय सुरक्षामा आघात नपुगोस् भन्नेतर्फ पनि पत्रकारहरु सचेत हुनुपर्ने विश्वव्यापी मान्यता छ ।

रिचर्ड निक्सनको कार्यकालमा अमेरिकाको राष्ट्रिय सुरक्षाबारे गोप्य योजना र कागजपत्र प्रकाशित भएपछि ठूलो विवाद भयो । सोही विवादका कारण राष्ट्रपति निक्सनले पदबाट राजिनामा दिनुपरेको थियो । आम सञ्चारका माध्यमले राष्ट्रिय सुरक्षाको नीतिलाई प्रभावित पार्ने हुँदा सञ्चार नीति स्पष्ट र राष्ट्रिहितमा हुनुपर्ने विश्वव्यापी मान्यता छ ।

सन् १९७६ मा बेलायतमा राजसंस्थाको प्रोत्साहनबाट पहिलो पल्ट प्रेस स्थापना गरियो । हरेक प्रकाशनमा पूर्व स्वीकृति आवश्यक थियो । सानो भुलचुक भएमा राष्ट्रद्रोहीको मुद्दा लाग्न सक्थ्यो । तर, के-के कुरा छाप्न पाइने वा नपाइने भन्ने कुरा स्पष्ट थिएन । सन् १५३४ मा हेनरी (आठौं) ले छापाखाना सम्बन्धी हरेक कामका लागि राजकीय स्वीकृति लिनुपर्ने आदेश जारी गरे । उनले राष्ट्रिय सुरक्षा र सामाजिक तथा धार्मिक संवेदनशील बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# हावाहुरीको विनाश लीला

काठमाडौं । असिना पानीसँगै गत आइतबार साँझ आएको विनाशकारी हावाहुरीका कारण बारा र पर्सा जिल्लामा ठूलो धनजनको क्षति भएको छ । नेपालको मौसम पूर्वानुमान गर्ने निकायले कुनै संकेत र सचेत नगराएको अवस्थामा एक्कासी आएको हावाहुरीले मच्चाएको विनाशलीलामा परी २७ जनाले ज्यान गुमाएका छन् भने करिब ५०० जति घाइते भएका छन् । हुरीका कारण एक हजारभन्दा बढी घर भत्किएका छन् भने दुई हजार जति घरमा क्षति पुगेको प्रारम्भिक रिपोर्टमा देखिएको छ । बारम्बार प्राकृतिक प्रकोप दोहोरिरहनु हाम्रो देशको नियति नै भएको छ । भूकम्प, पहिरो, बाढी, हुरीबतास जस्ता प्राकृतिक प्रकोपजन्य घटनामा प्रायजसो गरिब र निमुखा परिवारकै जिउधनमा नोक्सानी हुने गरेको छ । सम्पन्न र हुनेखाने व्यक्तिहरूको प्राय:जसो पक्की आवास र बसोबासको राम्रो व्यवस्था हुने र गरिब परिवार कच्चा घरमा जीवन व्यथित गर्ने हुनाले त्यस्ता घरमै बढी प्रभाव पर्ने गरेको छ । पर्सा र बारा जिल्लामा आएको हुरीबतासले पूर्णतया क्षति पुर्‍याएका कच्चा संरचनाहरू नै रहेका छन् ।

हाम्रो मुलुकको भौगोलिक बनावट र धरातलीय हिसाबले पनि प्राकृतिक प्रकोपको डेन्जरजोनभित्र पर्छ । भूकम्पीय दृष्टिकोणले विश्वका दश खतरापूर्ण सूचीमा रहेको छ । हाम्रा पिता पुस्ताले भोगेको ९० सालको भूकम्पले मुलुकलाई तहसनहस बनाएको थियो । ठूलो धनजनको क्षतिपछि संरचनाहरूको पुनर्निर्माण सम्पन्न गरी नयाँ सडकमा राणा प्रधानमन्त्रीले भूकम्प स्मारक निर्माण गरेका थिए । ९० सालको भूकम्पको विनाशलीलालाई पछिल्लो पुस्ताले पाठको रूपमा लिएर बलिया संरचना र भूकम्प प्रतिरोधी निर्माणमा जोड दिएको भए २०७२ सालको भूकम्पले त्यत्रो ठूलो क्षति अवश्य गर्ने थिएन । नेपाल सरकार र नेपाली जनताको विशेषता नै हिँड्दैछ पाइला मेट्दैछ शैलीका देखिएको छ । २०७२ सालको महाभूकम्पपछि काठमाडौं महानगर लगायतले भवन निर्माण आचारसंहितालाई कडा गर्न थालेका भए तापनि अहिले फेरि पुरानै प्रवृत्ति दोहोरिन थालेको छ । त्यसैगरी तराई मधेस क्षेत्रमा बाढी र पहाडमा पहिरोले बारम्बार दु:ख दिने गरेको छ । प्राकृतिक प्रकोपको मुलुकलाई खुला चुनौती भए तापनि सरकारले प्राकृतिक प्रकोप न्यूनीकरण र उद्धार राहतको ठोस गृहकार्य गर्न सकेको छैन । उचित बन्दोबस्त भएको भए विपत्तिपछिका कैयौं रात पीडित जनताले खुला आकाशमुनि भोकभोकै बिताउनुपर्ने थिएन ।

बारा, पर्साका हावाहुरी पीडितहरूलाई कागजी रूपमा राहतको ओइरो लागेको देखिए तापनि व्यवहारमा पीडितहरू सामु वास्तविक राहत पुग्न सकेको छैन । कतिपयले संवेदनशील विषयलाई देखावटी समाजसेवाको लेप लगाएर खर्च बटुल्ने आधार बनाएका छन् भने कतिपयले सेल्फी स्पटको रूपमा घटनास्थललाई लिइरहेका छन् । आपतविपतको बेला सबै क्षेत्रबाट सहयोग पुग्नु अवश्य पनि प्रशंसनीय कार्य हो तर यसरी जम्मा भएको राहत वास्तविक पीडितलाई पुग्न सक्नुपर्छ ।

त्यसैगरी भौतिक सम्पत्तिको क्षतिको अवस्था अनुसार न्यायोचित ढंगले राहत बाँडिनुपर्छ । उद्धार र राहत कार्य, घाइतेको शीघ्र उपचार, मृतकलाई क्षतिपूर्ति जस्ता कुराहरू सम्पन्न भएपछि राज्यले समग्र तराई मधेस क्षेत्रकै गरिब परिवारको बसोबासका लागि दीर्घकालीन ठोस नीति लिन आवश्यक छ ।

हरेक वर्ष तराईमा कच्ची घरहरूका कारण आगलागीले समेत ठूलो धनजनको क्षति पुर्‍याउने गरेको छ । आगलागीका घटना खरका छानाका कारण धेरै फैलिने गरेका छन् । मधेसमा कच्ची घरका बाक्ला बस्ती रहेका हुनाले दैवी प्रकोपमा बढी क्षति हुने गरेको छ । अब प्रदेश सरकार र केन्द्र सरकारले तराईका गरिबहरूलाई सामूहिक आवासको मोडालिटीमा पक्की संरचना खडा गरी बसोबासको उचित प्रबन्ध मिलाउन आवश्यक छ । हुरीको त्रास, बाढीको र डुबानको त्रासबाट गरिब जनतालाई मुक्त बनाउने दीर्घकालीन योजना बनाउन प्रदेश र संघीय योजना आयोगहरूको ध्यान जान आवश्यक छ । त्यसैगरी विपत व्यवस्थापनको लागि प्रभावकारी ढंगले योजना बनाउन र कार्यान्वयन गर्न पनि उत्तिकै खाँचो रहेको छ । त्यसैगरी जल वायु तथा मौसम विज्ञान विभागको काममा प्रभावकारी रूपमा सुधार गरी मौसममा हुने आकस्मिक परिवर्तन र सम्भावित खतराबारे सूचना दिन सक्ने क्षमताको अभिवृद्धि गराउन आवश्यक छ ।

# सम्मेलनको लागि पो लगानी हो कि ?

**सुरेन्द्र ढकाल**



नेपाल सरकारले भर्खरै तेस्रो लगानी सम्मेलन सम्पन्न गरेको छ । १ करोड ३५ लाख डलर बराबरीको लगानीको प्रतिबद्धता सम्मेलनको अवसरमा प्राप्त भएको आयोजक लगानी बोर्डले जनाएको छ । यसअघि सन २०१५ र १७ गरी त्यस्तै लगानी सम्मेलन नेपालले गरेको थियो । झण्डै दुई दुई वर्षमा नियमित रुपले नेपालले सम्मेलनको लागि लगानी त गरिरहेको छ तर के प्रतिबद्धता बमोजिमको लगानी नेपाल भित्रिएको छ त ? कि प्रतिबद्धता बमोजिम लगानी नभित्रिएको कारणले गर्दा नै सम्मेलन बारम्बार गर्नु परेको हो कि ? यस प्रश्नको जवाफ प्रधानमन्त्री अध्यक्ष भएको लगानी बोर्डले आजसम्म दिन सकेको छैन । भूकम्पपछि पनि पुनर्निर्माणको लागि ठूलै सहयोगको वचनबद्धता नआएको होइन तर सरकारको असक्षमताको कारण प्रतिबद्धता अनुरुपको सहयोग नेपालमा आएन । अरु त के भारतले नै प्रतिबद्धता अनुसारको सहयोग गरेन । यसमा प्रतिबद्धता जनाउने मुलुकको कमजोरी हो या प्राप्त गर्ने नेपाल सरकारको कमजोरी हो, त्यो बुझ्निसक्नु छ । झनै हाँसो उठ्दो कुरा त के छ भने भारतीय प्रधानमन्त्री र नेपालका प्रधानमन्त्रीले संयुक्त रुपमा शिलान्यास गरी काम शुरु भइसकेको अरुण जलविद्युत परियोजनाको लागि आवश्यक रकम बल्ल यस लगानी सम्मेलनमा जुटेको बताइनुले लगानी नजुट्दै परियोजना शुरु हुँदोरहेछ भनेर बुझ्नुपर्ने बाध्यता आएको छ ।

विदेशी वा विदेशमा बस्ने नेपाली जो होस उसले नेपालमा लगानी गर्दछ भने सबैभन्दा पहिले उसले लगानीको सुरक्षा खोज्छ । जुन जायज पनि हो । त्यसैगरी लगानीको प्रतिफल लगानीकर्ताले आफ्नै मुद्रामा खोज्छ त्यो पनि जायज हो । त्यस्तो विदेशी मुद्रा देशले त्यस बेला कमाउँछ जब देशले गर्ने आयातभन्दा निर्यात बढी भई ब्यापार वचत हुन्छ । तर ब्यवहारमा त नेपाल संसारकै सबैभन्दा ठूलो ब्यापार घाटा भएको मुलुक हो । जुन विदेशी मुद्रा नेपालले कमाइरहेको छ, त्यस्को स्रोत निर्यात ब्यापार नभई विदेशमा काम गर्न गएकाहरुले पठाएको हुण्डी हो जसले बल्लतल्ल ८ महिनाको आयात धान्न सक्छ भने लगानीकर्ताहरुलाई कहाँबाट ल्याएर उसको प्रतिफल विदेशी मुद्रामा दिन सक्छ सरकारले ? सरकारको आयात निर्यात नीति खोटो भएकै कारण धमाधम स्वदेशी उद्योग बन्द हुने अनि नेपाली बजार विदेशी वस्तुले भरिने कारण नेपालको ब्यापार घाटाको अनुपात १:१५ भन्दा बढी पुगेको छ । याने नेपालले एक करोडको निर्यात गर्दा १५ करोडको आयात गरिराखेको छ । के यस्तो ब्यापारघाटा भएको देशले विदेशी ऋणको ब्याज त बल्ल बल्ल कनी कनी बुझाउनु परेको छ भने लगानीकर्तालाई प्रतिफल विदेशी मुद्रामा कसरी दिन सक्छ ?

सम्मेलनका अवसरमा विदेशी लगानीकर्ताहरुले उठाएको ठूलो मुद्दा भनेकै त्यही हो कि सरकारले प्रतिबद्धता अनुरुप लगानी नीति पारदर्शी र प्रभावकारी बनाउन सकेको छैन । विदेशी लगानी भित्र्याउन लगानी सम्बन्धी विशेष दीर्घकालीन ऐन बनाउनु पर्दछ जसले दिएका सुविधाहरुलाई अर्थमन्त्रीले हरेक साल संसदमा पेश गर्ने आर्थिक विधेयकले खोस्न नपाउने हुनुपर्दछ । अनि मात्रै लगानीकर्ताहरुले सुरक्षाको महसुस गर्छन् ।




अर्को कुरा लगानी गर्ने वातावरणको पनि छ । सरकार पक्ष देशमा शान्ति अमनचैन कायम भई लगानीको लागि ज्यादै राम्रो वातावरण छ भनेर ढोल पिटिरहेको अवस्थामा लगानी गरेका विदेशी कम्पनीहरुले सरकारलाई बुझाउनुपर्ने कर नबुझाएको र नबुझाउनुको कारण चुनावताका सत्तारुढ भइसकेका दलहरुले उनीहरुबाट ठूलो धनराशि जबर्जस्ती चन्दा असुलेको कारण बताएका छन् । के नेपालमा लगानी गर्न आउने विदेशी कम्पनीसँग चुनावताका जबर्जस्ती चन्दा असुल्न पाइन्छ ? पाइँदैन भने कानुन बनाउनुपर्छ कि पर्दैन ? अर्कोतर्फ विदेशी लगानीकर्ताहरुले त्यतिखेर मात्र सुरक्षितपूर्वक लगानी गर्दछन् जब सरकारले उनीहरुलाई भौतिक र वित्तीय सुरक्षाको प्रत्याभूति दिन सक्छ । विभिन्न दलका झण्डा बोकेका ट्रेड युनियन भएको देशमा लगानी गर्दा हडताल र अन्य मागको कारण उत्पादन र सेवा बन्द हुन गएमा त्यसको क्षतिपूर्ति कसले गर्ने भन्ने प्रश्नको स्पष्ट जवाफ पनि सरकारले दिन नसकेको परिप्रेक्ष्यमा फेरि पनि लगानी सम्मेलनमा गरिएका प्रतिबद्धताहरु यथार्थमा परिणत होला भनेर आशा नगर्दा हुन्छ ।

सरकार कति असक्षम छ भन्ने कुराको केही प्रमाणहरु यस्ता छन :

१) कुनै बेला वर्षको ३३ लाख वर्गमिटरसम्म गलैंचा निर्यात गरी १२ लाख मजदुरलाई रोजगारी दिएको स्वदेशी लगानीमा स्थापित गलैंचा उद्योगलाई कसले धराशायी बनायो ? नेपाल सरकारले होइन ?

२) एसियाली विकास बैंकलगायत अन्य संस्थाहरुको सहुलियत ऋण लगानी र सहयोगमा शुरु गरिएको मेलम्ची खानेपानी परियोजना ३ दशकसम्म पनि सम्पन्न नभई लागत बढ्दै गई धराशायीको अवस्थामा पुर्‍याउने को हो ? नेपाल सरकार होइन ?

३) जुन वस्तुमा नेपाल आत्मनिर्भर भइसकेको छ त्यस्ता वस्तु आयात गर्न दिएर स्वदेशी वस्तुलाई स्वदेशमा नै विस्थापित गर्ने ब्यवहार सरकार र ब्यापारी दुवैको छ भने यहाँ कसले आएर लगानी गर्छ ? उदाहरण चिनीको हो । नेपाल चिनीमा आत्मनिर्भर भइसक्यो । आत्मनिर्भर भयो भनेर सरकार एकातर्फ चिनीको आयात बन्द गर्दछ ठ्याक्कै त्यसको विपरीत ब्यापारीहरु रातारात चिनी लुकाउँछन् र बजारमा कृत्रिम अभाव सिर्जना गरी मूल्य बढाउँछन् । सरकारका पदमा बस्नेहरु त्यस्ता ब्यापारीबाट कमिसन खान्छन् अनि फेरि चिनीको आयात खुल्छ भने आयात प्रतिस्थापन गरी विदेशी मुद्रा कसरी जोगिन्छ ? अनि विदेशी मुद्रानै जोगिदैन भने विदेशी लगानीकर्त्ताहर्रुलाई उनीहरुको प्रतिफल उनीहरुको मुद्र्रामा कसरी दिन सकिन्छ ? यस्तो नियति भोलि चिया, सिमेन्ट, मह, नेपाली पशिमना, हस्तकलाका वस्तुहरुले भोग्नु पर्दैन भन्ने के ग्यारेन्टी छ ?


४) अहिले विश्वभरि गैरआवासीय नेपालीहरु धनाढ्य बन्दै गएका छन् । उनीहरुको आर्थिक हैसियत बनेकै कारण उनीहरु नेपालमा लगानी गर्न चाहन्छन् र केहीले त शुरु पनि गरिसकेका छन् । यस्ता गैरआवासीय नेपालीहरुलाई द्वैध नागरिकताको ब्यवस्था गर्न सरकार किन चाहँदैन ? उनीहरुले नेपालमा जोहो गरेको सम्पत्तिलाई विदेशी मुद्रामा विदेश लैजान दिन सरकार तयार छ ? छैन भने किन उनीहरु नेपालमा लगानी गर्छन् । अहिले जतिले नेपालमा लगानी गरेका छन् त्यो नेपाल सरकारले सघाएको कारणले नभई राष्ट्रियताको भावनाले ओतप्रोत भएर मात्रै हो । लगानी नीति त यस्तो हुनु पर्‍यो कि उनीहरुले कमाएको अधिकतम नेपालमै लगानी गरुन् अनि त्यसैको कारण उनी विदेश त्यागी पुन: नेपाल फर्किउन् भन्ने भावना र त्यस भावनालाई यथार्थमा परिणत गर्ने कानुनी आधार सरकारले बनाउनुपर्ने होइन ? खै त्यस्तो त केही भएको छैन ।

५) सरकारले जति नै गुड्डी हाँके तापनि रोजगारदाता र मजदुर दुवै सन्तुष्ट हुने खालको श्रम ऐन अहिलेसम्म तर्जुमा गरी लागु गर्न सकेको छैन । न्यूनतम ज्यालाले कामदारले आफ्नो पेट त पाल्ला तर उसका पनि परिवार हुन्छन् । उसले सामाजिक न्यूनतम ज्याला पाउने कि नपाउने ? पाउनेभन्दा रोजगारदाताले धान्न नसकी उद्योग बन्द हुने, नपाउने भन्दा बन्द र हडतालको चपेटामा उद्योग पर्ने ? लगानीको लागि प्रोत्साहन गर्नेले यो कुरा सोच्नुपर्छ कि पर्दैन ?

माथि गरिएको विश्लेषणको आधारमा नेपालले साँच्चै नै सम्मेलनको लागि लगानी त गरेकै छ तर त्यो लगानीको लागि सम्मेलन बन्न सकेको छैन । त्यस कारण केही प्रतिबद्धताहरु हुन्छन, प्रतिबद्धता भयो भनेर सत्तारुढ दलहरुले नाक फुलाइ हेर हामीले यति गर्‍यौं भनेर गुड्डी त हाँक्छन् तर त्यो हात्ती आयो फुस्साबाहेक केही पनि हुन सकेको छैन ।

सरकार साँच्चैको सक्षम हुने हो भने नेपालको विकासका लागि आवश्यक लगानी नेपाली आफैंले गर्न सक्छन् । विदेशीहरुलाई गुहारिरहनुपर्ने जरुरी छैन । त्यसका लागि सरकारी पद ओगट्नेहरु भ्रष्टाचारबाट मुक्त हुन पर्‍यो, राम्रा र सक्षम हाम्रा हुनु पर्‍यो, हरेक आर्थिक व्यवहारमा पारदर्शिता हुनु पर्‍यो, स्वदेशी वस्तुको प्रयोगलाई बाध्यकारी बनाइनु पर्‍यो, स्वदेशी उद्योगहरुलाई संरक्षण पुग्ने मौद्रिक र वित्तीय नीति हुनु पर्‍यो । अन्यथा यस्ता लगानी सम्मेलन गरेर देशमा आर्थिक समृद्धि ल्याउँछु भनेर नसोच्दा हुन्छ ।

# सजिलो छैन शरणार्थी भएर विदेशमा गएर बस्न (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

अहिलेको विश्व आफ्नै ढुंगेयुग छोडी युगयुगको आवश्यकताले छुट्टाछुट्टै प्रयास गरी राष्ट्र राष्ट्र बनेको छ । एक एक आफू आपसमा दुवैलाई मनपर्ने अथवा राजी हुने राजनीति नभनेर एक देशले अर्कोसँग गर्ने व्यवहार कूटनीति भनी चाणक्यले नै पनि कुटिलताको आशयले कौटिल्य नै पछ्याएका छन् । यस्तो अवस्थामा अर्को देशको शरण खोज्न आउने मान्छेलाई सदैव राम्रो हुन्छ भन्नु हुँदैन ।

नेपालमै पनि श्री ५ पृथ्वीका दक्षिणी देश पठाइएका राजदूत सुब्बा दीनानाथ उपाध्यायको अवस्थामा व्यापक परिवर्तनको सुरुवात श्री ५ रणबहादुर शाहले दक्षिणमा भीमसेन थापासहित गई बसेर फर्की धेरै वर्ष शासन गरेपछि युद्ध भीमसेन थापाको पालामा भयो । कारण खोजे हुन्छ । अहिले २०७५ चैत १८ गते टीका ढकालले कान्तिपुर दैनिकमा पृष्ठ ७ मा निम्न हाम्रै कमजोरी अर्थ्याएकै छन् । उनले बिग्रँदो कुटनीति १८९७ को शैन्य विद्रोहबारे श्री ५ राजेन्द्रको पालाको समेत उदाहरण दिएका छन् ।

'देशको कूटनीतिक प्रतिनिधित्व राजनीतिमा दु:ख पाएबापत पाउने पुरस्कार होइन । लामो समय निजामती सेवामा रहँदा राजनीतिक नेतृत्व रिझाएर अवकाशपछि आराम गर्ने 'कम्फर्ट पोस्टिङ' पनि कुटनीति होइन, दुवै प्रवृत्ति कायम रहेसम्म नेपालको कुटनीतिक गौरव कहिल्यै वहाल हुन सक्दैन ।'

विश्व यस्तो एकलकाँटे छ । हामी आफैं यस्ता बेहोसी छौं । त्यस्तै यही शेष अशान्त, विश्वले र कतै शान्त तर असफल विश्वले पनि बिगार्‍यो भन्दैमा हामी आफैं आफ्नै प्रकृतिविरुद्ध जिउज्यान छोडेर प्रगति गर्‍यौं भन्दै लागेका छौं । बाँकी चुरेको आफ्नै पहाड खनेर जैविक विविधता र वनजंगल राख्न बिर्सँदै गएको पूर्वदेखि पश्चिमसम्मको चुरे पहाड रोइरहेछ । यस अवस्थामा नेपाली प्रकृति कहाँ बसोस् ? हाम्रा प्राचीन वैदिक सांख्य योगी रहस्यहरु बुद्धधर्म आदि कहाँ लुकुन् ? किनभने हामीले हाम्रै संस्कृत विश्वविद्यालयको स्रोतकेन्द्र आधार शिक्षामा अनिवार्य संस्कृत उहिल्यै छोड्यौं । अझै अनिवार्य माध्यमिक शिक्षामा गर्दैनौं त्यो गर्नैपर्छ ।

हामी हाम्रा कूटनीतिक प्रतिनिधि विदेशमा पठाउँदा उनले गरेको कामको होस गर्दैनौं र खस्कँदो कूटनीतिज्ञहरुको कारणले 'नेपाली कूटनीति आज विश्व मञ्चमा ब्याक बेन्चर' उनै टीका ढकालले माथिको लेखमा भन्नु पर्ने, दोस्रो प्रकृति र आफ्नै हिमवतखण्ड नेपाल संस्कृतिमा चुक्नु दु:खलाग्दो कुरा हो । किनभने प्रत्येक हिमाल तराई यातायातमै पनि नेपालको पूर्व सिमानादेखि पश्चिम सिमानासम्म त्यही कान्तिपुर दैनिक पृष्ठ ११ को जैविक मार्गमा वन्यजन्तु मैत्री सडकझैं सबैतिर त्यसैगरी बनाएपछि त्यसले प्रकृतिको सुधार हुनेछ र आफ्नै संस्कृति आफैंले जोगाएपछि यी दुवै मिलेर वैदेशिक मामिलामा पनि आफूलाई आफैं हेर्ने बानीले कूटनीतिक सुधार हुँदै जानेछ । नत्र हामी शरणार्थी भएर विदेशमा जाने तरखरमा छौं र गएकै पनि छौं । हामीले आफूलाई बिर्सिसकेका छौं भने हामी शरणार्थी भएर विदेश नगए को जान्छ त ? तर दु:खै छ सजिलो छैन ।

तीनवटा उदाहरण हेरौं, विचार गरौं । यत्ति मात्र विचार गरे पनि हाम्रा नागरिक शरणार्थी नै नभए पनि बाध्यतावश गएका फर्किआउनेछन् । पुन: उनीहरु जानुपर्ने छैन, शरणार्थी हुन । प्रजातान्त्रिक व्यवस्था र न्यायमा पारदर्शी भयो भने भ्रष्ट हातहरु पनि भ्रष्टाचार नगरौं भन्न लाग्नेछन् र बसोबासीहरुलाई यातायात र सञ्चारले लाभान्वित गराउन थालेपछि जहाँ जसले जसरी पनि शुद्ध काम गर्न पाउने नै छन् आइएनजीओको भर पर्ने छैनन् ।

**१. जनसंख्या नीति** : अंगीकृत नागरिकता भन्नु नै त्यो मान्छेलाई होसपूर्वक लिइने सिद्धान्त हो । त्यसमा कसैको बल र छल स्वीकार गर्नु हुँदैन । वैवाहिक भएर विदेशीसँग जाने चेलीको तुरुन्तै त्यो लेखी राख्नैपर्ने सिद्धान्त जनसंख्या प्रमुखकै कर्तव्यमा तोकिनुपर्छ । विदेशबाट यसैगरी आउने महिलाको अंगीकृत ठीक नै छ । आमाकै मात्र नामको लागी भने अहिलेको मानवले यसरी बहस गर्नु अनेक तर्कनाको जन्म दिनु नै हो । होइन भने आमाले नागरिकता प्रमाणपत्रमै लेखिदिनुपर्छ प्रस्ट कारण । सालनालबाट हुने जन्म आमाबाटै हुन्छ । आमाले विवाद नगरौं । आमाको अभावै भएमा त्यस्तो विवरण नागरिकतामा सम्बन्धितले खुलाइदिए भइहाल्यो अनि सबभन्दा मुख्य कुरो आफ्ना देशको सीमा सबैतिर समान रुपले बन्द गरौं ।

**२. बसोबास नीति** : आफ्नो देशमा जुन ठाउँ जहाँ बसे पनि यो देशमा उद्योगी हुन गाह्रो छैन । यो काम सञ्चार साधन र हिमाल तराई यातायातले सघाउने नै छन् । हाम्रो पुरानो सहरी जीवन पनि सघन र यसैगरी चलेकै हो । अब झन् सुविधा थपिएकै छन् । उद्योग कृषि बागवानी र पशुपालनलाई तत्तत् उपयोगी स्थान चाहिन्छ । बरु उपयुक्त उद्योग हुलाकी राजमार्ग र मध्यपहाडी राजमार्ग छेउ राम्रो हुन्छ । यसरी प्राकृतिक वातावरणलाई पनि सहयोग पुग्ने नै छ ।

**३. शक्ति सन्तुलन नीति** : नेपालमा शक्ति सन्तुलनको नीति र देश रक्षा विदेशी शैन्य निष्काशन समेतमा श्री ५ महेन्द्रको देन धेरै छ । उनले असंलग्न परराष्ट्र नीति नै अँगालेका छन् । यसैलाई युग सुहाउँदो किसिमले प्रयोग गरिरहनुपर्छ ।

# मैले देखेको नब्बेऔं विश्व सम्पदा:
# हाइडेलवर्गको दरबार (Castle)

सुरेन्द्र ढकाल



विश्वकै सबैभन्दा ठूलो अंगुरको रक्सी राख्ने ढ्वाङ (बेरेल)


दरबारभित्रको प्रदर्शनी कक्ष


दरबारको ओटहाइनरिख भवनको पगन मोहोरा यस्तो देखिन्छ


दरबारको संरक्षित भग्नावशेष


दरबारका भित्री भागका सुन्दर मूर्तिकलाहरू


परबाट हेर्दा हाइडेलवर्ग दरबार यस्तो देखिन्छ


भुर्च्जवुर्ग रेसिडेन्स दरबार, पुरानो पुल मारियनवुर्ग किल्ला हेरी हामी बेलुका फेरि कोठातिर लाग्यौं । यी कुरा अवलोकन गरेपछि भुर्च्जवुर्गमा हेर्नुपर्ने कुरा केही नभएको हुँदा भोलिपल्ट दुई बजेसम्म सेमिनारमै ब्यस्त भई तत्पश्चात् हामी स्पायर फर्कियौं । म आफ्नो पढाइमै ब्यस्त थिएँ ।

यसैबीच अक्टोवर महिनाको तेस्रो हप्तातिर तत्कालिन अर्मेनियामा अध्ययन गरिहेको ३ जना नेपाली भाइहरु विदामा जर्मनी हेर्न भनी आएका रहेछन् । उनीहरु सरासर आएर हामीसँगै होस्टलमा बसे । उनीहरुले दक्षिण जर्मनीको अर्को ऐतिहासिक सहर हाइडेलवेर्ग अवलोकन गर्ने इच्छा गरेको र हामी बसेको ठाउँ स्पायरबाट बस नै चढेर जाँदा पनि ४५ मिनेटमा पुगिने, अनि हामीले पनि नजिक भए तापनि अवलोकन नगरेको स्थल भएको कारण म, मेरो मित्र हिरामणी घिमिरे उनीहरुलाई लिएर हाइडेलवर्गतर्फ लाग्यौं । हामीलाई आफ्नो मिनी भ्यानमा हाम्रा गेस्ट फादर भाल्टर स्वार्च्जले त्यहाँ लगिदिएको कारण बस चढ्न परेन । त्यहाँ हामीले दिनभरि पुरानो दरबार (क्यासल), पुरानो पुल र बजारक्षेत्र अवलोकन गरेर बितायौं ।

**पुरानो दरबार (क्यासल)**

हाइडेलवेर्गको दरबार भग्नावशेषको रुपमा रहेको पुरातात्विक रुपबाट संरक्षित क्षेत्र रहेछ। आल्पस हिमालयको उत्तरमा रहेको पुनर्जागरणकालीन संरचनाको एउटा मात्र उदाहरण यो दरबार रहेछ । १७ औं र १८ औं शताब्दिताका नै भग्नावशेषमा परिणत भएको यो दरबारको केही भाग मात्रै जिर्णोद्धार गरी संरक्षित गरिएको रहेछ। जर्मनीको ओडेनभाल्ड क्षेत्रको पर्वत श्रृंखलामा पर्ने यो दरबार रहेको क्षेत्र मैदानबाट ८० मिटरको उचाइमा अवस्थित रहेछ । यस दरबारको मौलिक रुपको निर्माण सन १२१४ अगाडि नै भएको, १२९४ मा गएर दुई दरबारसँगसँगै निर्माण हुन पुगेको तर १५३७ मा आएको ठूलो चट्याङको कारण माथिल्लो दरबार ध्वस्त भएको रहेछ । सन १६५० मा बाँकी रहेको दरबारको भागको जिर्णोद्धार भए तापनि युद्ध र आगलागीको चपेटामा यो दरबार बारम्बार परेको रहेछ । फेरि सन १७६४ मा आएको अर्को चट्याङको कारण जिर्णोद्धार गरिएको दरबारको केही अंश आगलागिको कारण क्षति भएको रहेछ । यस दरबारबारे सन १५२७ मा छापिएको क्यालेण्डरमा वर्णन गरिएको र हाइडेलवर्ग नै भनेर चाहिँ त्योभन्दा धेरै अगाडि सन ११९६ मा रोमन वादशाह फ्रेडेरिकले नामाकरण गरेका रहेछन् । यो जर्मनीको राइनलाण्ड फाल्च्जको इलेक्टोरेटको नामबाट चिनिन पुगेको रहेछ ।


जब सन १४०१ मा रुपरेख्ट जर्मनीको राजा बने यो दरबार उनको लागि सानो भएको कारण उनले त्यहाँबाट आउगुष्टटिनियान गुम्बाहरु हालको विश्वविद्यालयको स्थानमा सारेका रहेछन् । यसो गर्नको कारण उनले दरबारलाई सुरक्षासहितको किल्लामा विकास गर्न चाहेका रहेछन् । सन १४१० राजा रुपरेख्टको निधन भएपछि दरबारले ओगटेको जग्गा उनका चार छोराहरुलाई भाग लगाइएको रहेछ । यस क्षेत्रको मुटु मानिने समतल भाग जेठो छोरा लुइस तेस्रोको भागमा परेको रहेछ । जुन बेला फ्रेन्च लेखक भिक्टर ह्युगो सन १८३८ मा यस शहरको भ्रमणमा आए । उनले आफ्नो पूरै समय दरबारको भग्नावशेष अवलोकन गर्नमा नै बिताएका रहेछन् । तत्पश्चात् उनले आफन्तलाई लेखेको पत्रमा यस दरबार र शहरको ठूलो वर्णन गरेका रहेछन् ।


हाइडेलवर्ग सहरको मुख्य भागमा अर्मेनियामा आएका नेपाली विद्यार्थी मित्रहरूका साथ सुरेन्द्र

यस दरबारलाई कहिले पनि पुरानै स्वरुपमा ल्याउने प्रयास नगरी भग्नावशेषकै रुपमा छाडनुको पछाडि यसको पुरातात्विक महत्वलाई नबिगार्न र जर्मन रोमान्टिक वादको उदाहरुणको रुपमा यस दरबारलाई प्रस्तुत गर्नुपर्ने कारण भएको बताइँदो रहेछ । यस दरबारको आर्कषण भनेको यो पहाडको काखमा रहेको र परबाट मनमोहक देखिने र त्यहाँ पुगेपछि त्यहाँबाट तल हाइडेलवर्ग शहरको पुरै दृश्य देखिने रहेछ । दोस्रो आर्कषण भनेको दरबारको सुन्दर र विलासी बगैंचा जुन आगन्तुकको लागि निशुल्क रुपमा खुला रुपले घुम्न पाइने रहेछ । तेस्रो आकर्षण भनेको दरबार परिसरमा रहेको सबैभन्दा पुरानो पुनर्जागरणको ओटहाइनरिख भवन रहेछ ।

दरबारको भित्री भाग सुन्दर मूर्तिहरुले सजिएका रहेछन् र त्यहाँ भएको इम्पेरियल हल विशेष किसिमका प्रदर्शनीहरुको लागि भनेर बनाइएको रहेछ । त्यसै दरबारको तलको छिँडीमा सन १५९० देखिकै अंगुरको रक्सी बनाउने कारखाना रहेछ भने बनेको रक्सी जम्मा गर्ने संसारकै सबैभन्दा ठूलो काठको ढ्वाङ (ब्यारेल) पनि देख्न पाइँदो रहेछ। जस्मा २ लाख २० हजार लिटर अंगुरको रक्सी अटाउँदो रहेछ।

# १०. राजनीतिक संक्रमणको स्थिति




■ शम्भुराम श्रेष्ठ

हामीहरु जेलबाट छुटेको भोलिपल्टै गणेशमान सिंहलाई सिंहदरबारस्थित सैनिक ब्यारेकबाट हामीले हिजो मात्रै खाली गरेको गोलघरमा सारिएछ । गोलघर सारिएको भोलिपल्ट नै दिनको १ बजेतिर सेन्ट्रल जेलको चौकिदार (जसले ज्यान मुद्दामा जन्मकैदको सजाय काटिरहेको भए तापनि जेलबाहिर जाने आउने सुविधा पाएको हुन्छ) टुप्लुक्क मेरो घरमा आइपुग्यो । मैले उनलाई स्वागत गर्दै 'कताबाट आउनुभयो, आउनोस्, घर भेट्टाउन मुश्किल त परेन ।' भने । 'गणेशमानजीले यो चिठ्ठी आजै तपाईकहाँ नपुर्‍याइ भएन भन्नुभएकाले आएको' भनी उनले गणेशमानजीको चिठी मलाई दिनुभयो । ऊ चिया खाएर फर्केर गयो । सो चिठ्ठीमा गणेशमानजीले लेख्नुभएको थियो- ' तपाईं हिजो छाडी अस्ति मात्रै यहाँबाट (गोलघरबाट) छुट्नुभएको कुरा मैले चौकिदारबाट थाहा पाएँ । मलाई पनि हिजो सिंहदरबारको सैनिक ब्यारेकबाट यहाँ सारिएको छ । चौकिदारले तपाईंको घर त देखेको छैन, तर तपाईंको घरको टोलको नाम चाहिँ उनलाई थाहा रहेछ । त्यसैले उनको हात यो चिठी पठाएको छु । केही दिनपछि गठन हुन गइरहेको संयुक्त अन्तरिम मन्त्री परिषद्मा मलाई पनि समावेश गर्ने निर्णय जस्तै भएको छ । सहमतिका लागि यहाँ मसँग सोधिपठाएको छ । तर मैले हुन्छ हुँदैन कुनै जवाफ दिएको छैन । त्यसकारण, उक्त सरकारमा मैले सामेल भन्ने बारेमा तपाईंसँग सल्लाह गर्न आवश्यक ठानेको छु । 'यसबारे राम्ररी विचार गरेर चाँडोभन्दा चाँडो जवाफ पठाउनु होला । तपाईंको जवाफको प्रतीक्षामा छु ।' त्यसको भोलिपल्ट नै मैले गणेशमानजीको उक्त चिठीको जवाफमा 'स्पष्टसँग केही दिनपछि गठन हुने संयुक्त अन्तरिम सरकारबाट नेपाल र नेपाली जनताका राष्ट्रिय समस्या लगायत राजनीतिक, आर्थिक, सामाजिक, जातीय तथा महिलासम्बन्धी कुनै पनि आधारभूत समस्या समाधान हुँदैन र हुन सक्दैन । त्यसैले त्यस्तो सरकारमा तपाईंले आफूलाई समावेश गराउनु उचित हुँदैन । त्यसको साटो हामीहरुले त्यस सरकारको विपक्षमा र देश तथा जनताको हकहितको सवालहरुको पक्षमा उभिनुपर्छ' भनी लेखिपठाएँ । भोलिपल्ट नै उहाँले आफू मेरो उपरोक्त विचारसँग पूर्णरुपले सहमत भएको जनाउँदै जवाफ लेखिपठाउनुभयो । मलाई उपरोक्त जवाफ पठाएकै दिन साँझतिर उहाँ सेन्ट्रल जेलको गोलघरबाट रिहा भई किलागलस्थित आफ्नो घर जानुभएछ । तर उहाँ न त म कहाँ आउनुभयो, न त मलाई नै उहाँको घरमा बोलाउनुभयो । यहाँसम्म कि आफू जेलबाट छुटेको खबरसम्म पनि मलाई गर्नुभएन ।

२००७ साल फागुन ७ गते गणेशमान सिंहसमेत समावेश भएको राणा कांग्रेस अन्तरिम मन्त्री परिषद् गठन गरिएको शाही घोषणा भयो । गणेशमानजी मन्त्री बनेको तेस्रो दिन उहाँको किलागलस्थित घरमा मलाई बालाइपठाउनुभयो । तर मैले उहाँको घर जान स्पष्ट रुपले इन्कार गरेँ । अनि त्यसको भोलिपल्टै राति साढे आठ बजे मसँग कुरा गर्ने र मकहाँ नै सुत्ने गरी आफ्नो बडीगार्डसहित उहाँ मेरो घरमा आउनुभयो । सामान्य आराम बिरामको कुराकानीपछि मूल विषयमा अर्थात् राजनीतिक विषयमा कुरा सुरु भयो तर बिल्कुलै मिलेन । अनि उहाँले आफ्नो घर जाने इच्छा व्यक्त गर्नुभयो । मैले रोकिन । रातको साढे बाह्र बजेतिर उहाँ घर जानुभयो । त्यहाँदेखि हामी दुईबीचको सम्बन्ध, अर्थात राजनीतिक सम्बन्ध सदाको लागि अन्त भयो ।

हामीहरु जेलबाट छुटेको लगत्तैको स्थिति थियो- राजनीतिक संक्रमणको स्थिति- अर्थात् 'दिल्ली सम्झौता' मुताबिक हुकुमी एकतन्त्री राणा शासनको औपचारिक रुपले अन्त्य भइसकेको थियो तर व्यावहारिक रुपले भएको थिएन किनकि राजसत्ता राणा शासक मण्डलीबाट २००७ सालको 'क्रान्ति' पक्षको दलमा हस्तान्तरित भएको थिएन । यस्तो स्थितिमा सदाको लागि निभ्नै लागेको बत्ती झनै बढी चम्किलो भएर बल्छ भनेझैं राणा शासनको पाल्तु कुकुरहरु अर्थात् मोहनशमशेर एन्ड कम्पनीका आठपहरियाहरु र तिनका मतियारहरुले नांगो खुकुरी नचाउँदै निहत्या जनतालाई आतंकित तथा भयभित गर्न थालेका थिए । भरतशमशेर राणाले गुलामहरुको त्यो जमातलाई ' गोरखा दल' भनी नामकरण गरेको भए तापनि नेपाली जनताले चाहिँ त्यसलाई 'खुकुरी दल' को नाउँ दिएको थियो । राणा शासक मण्डलीका पाल्तु कुकुरहरुले त्यसरी समाजमा आतंक मच्चाइरहेको बेलामा तिनीहरुको सशक्त रुपले सामना र प्रतिकार गर्दै स्थितिलाई नियन्त्रणमा राख्न हामीहरुको प्राथमिक महत्वको दायित्व थियो । यसको साथसाथै हामीहरुले तमाम जनसमुदायहरुलाई गोलबन्द गर्दै राजनीतिक रुपले संगठित पार्दै लैजानु पनि त्यत्तिकै आवश्यक थियो ।

तिनै आवश्यकताहरुलाई ध्यानमा राखेर हामीहरुले सबभन्दा पहिले नेपाली कांग्रेसको काठमाडौं जिल्ला कमिटीसित सम्पर्क गर्न खोज्यौं । तर नेपाली कांग्रेसको उक्त कमिटीको अत्तोपत्तो थिएन किनभने त्यो वास्तवमा अस्तित्वमै थिएन । हामीहरुलाई आश्चर्य लाग्यो । हामीहरुले जेलमा कयौं पटक नेपाली कांग्रेसको काठमाडौं जिल्ला कमिटीको नामले छरिएका पर्चाहरु पाउने गरेको र पढेका थियौं । त्यसैले स्वाभाविक रुपले प्रश्न उठ्छ, नेपाली कांग्रेसको काठमाडौं जिल्ला कमिटीको नामबाट ती पर्चाहरु छर्ने को थिए त ? हामीहरुले जेलमा काठमाडौंस्थित भारतीय राजदुतावासका कर्मचारीहरुले मोटर कुदाउँदै काटमाडौं कमिटीको नामबाट पर्चाहरु चरिरहेका थिए भन्ने हल्ला सुनेका थियौं तर पत्याएका थिएनौं । त्यो कुरा हल्ला नभई सत्य नै रहेछ । यो यथार्थलाई बुझेपछि हामीहरुले खड्गमान सिंह बस्नेत र टंकप्रसाद आचार्यको अगुवाइमा त्यस समय काठमाडौंमा नाम चलेको एउटा बाहुन व्यापारीको वसन्तपुरबाट दमकल अफिस निस्किने गल्लीस्थित घरको ठूलो बैठक कोठामा हालै सेन्ट्रल जेल, भद्रगोल जेल र नख्खु जेलबाट छुटेका सबै नेता तथा कार्यकर्ताहरुको मिटिङको आयोजना गर्‍यौं । नेपाली कांग्रेसको पार्टी संगठन नभएको र साथै नेपाल प्रजा परिषद्को पनि पुनर्गठन नभइसकेको तथ्यलाई मध्यनजर राखी उपस्थित सबै नेता तथा कार्यकर्ताहरुले एकमतले एउटै साझा पार्टी सदस्यता रजिष्ट्रर बुकमा नेपाली कांग्रेसको सदस्य बन्न चाहनेले नेपाली कांग्रेसको सदस्यता सूचीमा आफ्नो नाउँ दर्ता गर्ने र सोही अनुसार नेपाल प्रजापरिषद्को सदस्य बन्न चाहनेले प्रजा परिषद्कै सदस्यता सूचीमा आफ्नो नाउँ दर्ता गर्ने निर्णय गरे । ३०० भन्दा बढ्ता राजनीतिक कार्यकर्ताहरुको त्यहाँ उपस्थिति थियो, जसमध्ये १५ प्रतिशत जतिले मात्र नेपाली कांग्रेसको सदस्यता लिए र बाँकी सबैले नेपाल प्रजा परिषद्को सदस्यता लिए ।


आस्था र विचारले म कम्युनिस्ट हुँदाहुँदै पनि त्यतिखेरको राजनीतिक स्थिति र टंकप्रसाद आचार्य तथा रामहरि शर्मासितको एकदमै घनिष्ट र आत्मीय सम्बन्धको कारणले मैले तत्कालका लागि नेपाल प्रजा परिषद्को सदस्यता लिने निर्णय गरे । नेपाल प्रजा परिषद्को पुनर्गठन हुँदा खड्गमानसिंह बस्नेत सुभरभाइजर र टंकप्रसाद आचार्य अध्यक्ष रहनुभएको केन्द्रीय कार्यकारिणी समितिको एक प्रभावशाली सदस्य पनि भइयो । विचारले म कम्युनिस्ट भएको कुरा हामीहरु सेन्ट्रल जेलको गोलघरमा भएकै बेलामा पनि टंकप्रसादजीलाई थाहा थियो । त्यति मात्रै होइन, २००८ साल असोज महिनामा आयोजित नेपाल कम्युनिस्ट पार्टीको प्रथम राष्ट्रिय सम्मेलनमा पार्टीको उत्तर गण्डक प्रान्तीय कमिटीको तर्फबाट प्रतिनिधिको रुपमा भाग लिन कलकत्ता जाँदा पनि मैले उहाँलाई भनेर गएको थिएँ । यो त भयो मेरो र टंकप्रसादजीको मैत्री (मैत्रीभन्दा पनि दाजु र भाइको) सम्बन्धको कुरा । यसबाहेक यहाँनेर उल्लेखनीय एउटा अर्को कुरा पनि छ । त्यो के हो भने म प्रजा परिषद्को केन्द्रीय समितिको सदस्य भएकाले नै नेपाल कम्युनिस्ट पार्टी र नेपाल प्रजा परिषद्को बीचमा 'राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चा' बन्न सकेको थियो । जसको औपचारिक नाम 'जातीय जनतान्त्रिक संयुक्त मोर्चा' थियो । अन्यथा त्यो बिल्कुलै सम्भव थिएन किनभने प्रजापरिषद्को केन्द्रीय समितिमा चुडाप्रसाद शर्मालगायत अरु पनि थुप्रै कम्युनिस्ट पार्टीसँग संयुक्त मोर्चा बनाउने कुराका विरोधी थिए ।


(क्रमशः)

# सोल : सर्पको मासु जहाँ लोकप्रिय छ

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





बैङ्कबाट कोरियाली जम्बोजेट 'के.ए.एल्.' मलाई समेत लिएर सोलतिर उडिरहेको हुन्छ । विमानका परिचारिकाहरू अधिकांश हिसी परेका तथा फुर्तिला देखिन्छन् । वायुयानका यात्रीहरूलाई राम्ररी हेरविचार गर्नुपर्ने तिनीहरूको कर्तव्य छ । तर यात्रीहरूको खचाखचले गर्दा बिचरा परिचारिकाहरू के गरुन् ! यताउता सलबलाई दगुरिरहेका परिचारिकाहरूको गति हेर्नलायकको हुन्छ ।

पशुपतिमा भण्डारा खुवाउँदा टपरी राखी लहरै बाँडिदिएजस्तै परिचारिकाहरू छिटोछिटो खानासहितको प्लास्टिकका रिकापीहरू बाँडिदिन्छन्- चिसो गरी खानुपर्ने खानाहरू तातो भएका हुन्छन् त तात्तातो पिउने कफीजस्ता पेय पदार्थ चिसै । कस्तो विडम्बना ! विमानका तीन सय बीसओटा साधारण श्रेणी (इकोनोमी क्लास) का मानिसहरूका निमित्त चार-पाँचओटा मात्र मलमूत्र त्याग्ने स्थानमा मानिसको घुइँचो अर्को हास्यास्पद भन्नुपर्छ । जहाँ गाह्रो उहीँ साह्रो भनेझैं विमान उडिरहेको बेलैमा दिसापिसाब गर्ने चाहना हुने रहेछ- म आफैं पनि यसको सिकार हुन पुगेँ ।

सोल पुग्न करिब छ-सात घण्टा लाग्दो रहेछ । यस क्षणलाई रमाइलो वातावरणमा परिणत गर्न पाए हुन्थ्यो जस्तो मेरो मनमा लागिरहेको थियो । नभन्दै आफूसँग बसेका अधबैँसे युवक कोरियाली पत्रकार रहेछन् । उनी अफ्रिकाको केन्यामा भएको एक सेमिनारमा भाग लिएर फर्केका थिए ।

प्रथमतः उनीसँग कुराकानी गर्ने उद्देश्यले मैले आफ्नो परिचय दिएको हुन्छु । अहिलेसम्म कुनै पनि नेपालीसँग उनले भेट गर्ने अवसर पाएका रहेनछन्, यसैले उनलाई नेपाल र नेपालीको विषयमा चाख हुनु स्वाभाविकै थियो । कुराकानीको थालनी हुन्छ- अफ्रिकी मुलुकहरूको उजाड भूमि र उराठलाग्दो प्राकृतिक बनोटको दाँजोमा आफ्नो देश तथा एसियाका अरू मुलुकहरू हराभरा भएकाले हामी एसियालीहरू ज्यादै भाग्यमानी छौँ भनी उनी आफ्नो मनसाय व्यक्त गर्दछन् ।

**बिहानको शान्तिमय देश : एक परिचय**

पत्रकार महोदयको नाम रहेछ सी.आई.चाङ । आफ्नो जन्मभूमिको विषयमा छोटकरी परिचयात्मक जानकारी मलाई दिँदै उनी भन्छन्- "मेरो देश (दक्षिण कोरिया) को क्षेत्रफल ३८०३१ वर्गमिल छ र जनसङ्ख्या तीन करोड पैंतीस लाख । कोरिया जसलाई 'बिहानको शान्तिमय देश' भन्दछन्, एसियाको उत्तर-पूर्वस्थित एउटा पहाडी प्रायद्वीप हो । अरू अधिकांश एसियाली देशजस्तै पहिलेपहिले कोरिया पनि एउटा कृषिप्रधान गरिब देश थियो । यसको मुख्य उपज धान, सुर्ती, गहुँ आदि थिए जुन अहिले पनि छन् । तर आजकल यहाँ औद्योगिक विकासले ज्यादै राम्रो तथा दरिलो जग बसालिसकेको छ ।" चाङ महाशय अलि गम्भीरजस्तो तथा गौरवान्वित हुँदै चुरोट सल्काउँदै भन्छन्- "मेरो विचारमा संसारका सायद कुनै पनि देश अपवाद छैनन् होला जहाँ कोरियानिर्मित कपडा वा खाना पकाउने सरसामान नपुगेको होस् ।"

यस भनाइमा सत्यता रहेको आभास मलाई पनि हुन गयो किनभने हाम्रै देशमा पनि कोरियाली कपडाहरू खचाखच भएको सम्झना हुन गयो । त्यसपछि म उनलाई उनको देशको आधुनिक इतिहासका सम्बन्धमा सोध्न थाल्छु । अतः आफ्नो प्रसङ्गलाई बदली उनी भन्न थाल्छन्- "सन् १९४५ तिर मात्र कोरियाले पैंतीस वर्ष लामो जापानी शासनबाट स्वतन्त्रता प्राप्त गर्‍यो तर स्वतन्त्रताको स्वाद चाख्न नपाउँदै तथा असंलग्नताको नीति अपनाउन नपाउँदै यो देशमा दुई ठूला राष्ट्रले प्रभुत्व जमाए- उत्तरतिर रुसले हात लगायो र दक्षिणतिर अमेरिकाले जग बसाल्यो । फलस्वरूप उत्तरमा कम्युनिष्ट राज्य बन्यो जसको राजधानी प्योङ्चाङ्ग भयो र दक्षिणमा प्रजातान्त्रिक व्यवस्था प्रस्फुटित भयो । उत्तर र दक्षिण कोरियालाई एकीकरण गर्नेतर्फको धेरै वर्षको छलफल असफल भएपछि सन् १९५० को जून महिनामा गृहयुद्ध भयो र त्यसले भयङ्कर रूप लियो ।

गृहयुद्ध भन्नु के थियो रुस र अमेरिकाको सङ्घर्षमा बिचरा कोरियालीहरूमाथि मार पर्नु थियो । यस युद्धमा लाखौं कोरियालीहरूले आफ्नो ज्यान गुमाए र करिब एक करोड यहाँका परिवारहरू तितरबितर भए । युरोपमा जर्मनी दुई टुक्रा भएजस्तै एसियामा कोरिया दुई फ्याक हुन गयो । कस्तो विडम्बना !" (हाल भने पूर्व र पश्चिम जर्मनी एकीकरण भई संयुक्त जर्मनी भएको छ ।)

क्रमशः

२०७२ साल वैशाख १२ गते आएको महाभूकम्प र त्यसले पारेको भौतिक, मानसिक असरहरूलाई संगालेर त्यही समयमा लेखेको कविता आज प्रस्तुत गरेको छु ।

# यमराजको साइरन



**गोपीकृष्ण प्रसाई**, काठमाडौं

अहिले नेपाल दुखेको छ
मेरो स्वाभिमान झुकेको छ
काठमाडौंभरि छरिए अनिष्टका रंगहरू,
फेरियो जीवन
अनि फेरिए बाँच्ने ढंगहरू,
आकासमा जाउँ ठाउँ छैन
पीडालाई लुकाउने कुनै गाउँ छैन
अर्का ग्रहमा जाने कुनै गेट छैन
ब्रम्हाण्डमा विचरण गर्ने कुनै जेट छैन
प्यारो धरती यतिबेला बौलाएको छ
यसका संरचनाहरू आपसमा ठोक्किएका छन्
महादिपीय तख्ताहरू झोक्किएका छन्
लाले र कथुरे गोरूको गर्जन जस्तो,
भारतीय तख्ता र तिब्बतियन तख्ताहरू डुक्रिएका छन्
असनको साँढेझैं उद्दण्ड तर अथाह, भीषण शक्ति बोकेर
बारपाक, राजधानी र सिन्धुपाल्चोकमा थुप्रिएका छन् ।

विषम ज्वरो खनिएर धरती गडडड कामिरहेछ
यो शान्त संसारमा यमराजको साइरन बजिरहेछ
यो कम्पनले साँच्चै बस्ती नै रुवायो
कलकल बग्ने झरनाहरू नै सुकायो,
कम्पन त आयो आयो
पराकम्पनले झन् सतायो
मध्यरातमा आयो आयो भन्छन्
मानौं गाउँमा सोक्पा पसेको होस्
भीषण अनिष्ट बोकेर मन्दिरमा राक्षस बसेको होस्,
७.६ रेक्टरको कम्पनले त जिजीविषालाई पछार्‍यो
६.९ रेक्टरको पराकम्पनले मूर्छित इच्छालाई लछार्‍यो
पराकम्पनहरू सबै खतरनाक खतरनाक
महिनौंसम्म जीवन बन्यो आर्तनाद आर्तनाद,
प्रकृतिको यो खेलामा
सृष्टिको सुन्दर मेलामा
पृथ्वीको उन्माद निक्कै डरलाग्दो छ
मानव सभ्यता अनि रहरको मायामठ
साह्रै कहालीलाग्दो छ
आखिर पृथ्वी हल्लिएपछि जीवनको मूल्य थाहा हुन्छ
यो महाप्रलयमा तेरो र मेरो कहाँ हुन्छ ?
हल्लाइदिएर पृथ्वीलाई भगवान तिमी के परीक्षा लिँदैछौं ?
यो मानव सभ्यतालाई भीषण पीडा दिएर कुन शिक्षा दिँदैछौ ?

कहिले ज्वालामुखी फुटेर
कहिले तख्ताहरू जुधेर
कहिले ज्वारभाटाहरू उठेर
पृथ्वी बौंलाउँछ बेला बेला
यो ग्रहमा आइरहन्छन् झमेला,
जननीको रोदनले रौद्र रूप निकालेको छ आज,
मनको अन्तरमा छिपेको पीडा बिष्फोट भएको छ आज,
आफ्नै सृष्टिहरू सोतर पार्न हे धरती माता कस्तो खेल खेल्छ्यौ ?
खण्डहर बनेर तिमी सन्तानका आँसुहरू कसरी झेल्छ्यौ ?
शून्य हृदय बोकेर मान्छेहरू आफैंसँग टाढिएका छन्
सृजनाको संसार छोडेर आफैंसँग भाँडिएका छन्
चिहान नखनिकनै मनहरू जमीनमुनि गाडिएका छन्
संसार जित्छु भन्ने साहसहरू कुनातिर सडिएका छन् ।

अहिले पनि बस्ती हल्लिएको हल्लियै छ,
यमराजको साइरन बजेको बज्यै छ
मन हल्लिएको छ, शरीर हल्लिएको छ
ठूलो भूकम्पपछिको त्रसित वर्तमान रल्लिएको रल्लियै छ,
काँपिरहेछ पृथ्वी, ढ्यांग्रो बजाएर फलाकिरहेको छ,
प्राणको बली चाहियो भनेर विभत्स प्रलाप गरिरहेको छ,
करवीरे मसान र मुर्कट्टाहरूको बिगबिगी बढेको बेला
यमराज साइरन बजाएर गर्दैछन् सृष्टि सिध्याउने खेला,
लगातार बिजुवा,धामी कामेसरि काम्दैछ धरती
पृथ्वीलाई कम्पन आएपछि भगवानको पनि लागेन अर्ती,
विज्ञान हारे जस्तो
अध्यात्मिक चिन्तनले डेरा सारे जस्तो
धावा बोल्दै बस्तीमा यमराज आफैं आएका छन्
चित्रगुप्त हराएको यो समय ।
आकासभरि अनिष्टका बादल छाएका छन्
यो आतेशले त विश्वासै डग्मगाउने हो कि ?
यो पीडाले त सृष्टि नै छट्पटाउने हो कि ?

अहिले नेपाल हल्लिएको छ
बाटाहरू हल्लिएका छन्
शरीरका इन्द्रियहरू हल्लिएका छन्
जीवनका उमंगहरू थला परेका छन्
मेरा आकांक्षाहरू विचलित भएका छन्
अल्कोहलिक हुँदै जिजीविषाहरू झल्लिएका छन्
कविताहरू हल्लिएका छन्
माया, प्रेमका श्रृंखलाहरू नै बरालिएका छन्
दिमाग हल्लिएको छ
आफ्नो मुटु आफैंसँग छैन,
गन्तव्यहीन यात्रा ।
अस्थिरताले बाँच्ने शैली नै धराप भयो
यो वातावरण र परिवेश आज साँच्चै नै खराब भयो ।

आफ्नो कर्ममा रमेको धरती
सूर्यले यसलाई माया गर्छ,
तर यो कम्पनले
सूर्य टाढिएझैं लाग्छ
परिभ्रमण र परिक्रमण पनि भाँडिएझैं लाग्छ,
सरररररर.....स्वाँ गर्दै डग डग पृथ्वी काम्दा
नौ ग्रहहरू आफ्ना भएनन्
तारामण्डलहरू आफ्ना भएनन्
आफ्नै सन्तानहरू आफ्ना भएनन्
घर हल्लिएको छ,
पलंग हल्लिएको छ,
छत हल्लिएको छ,
देशै शोकमा डुबेको यो घडी
अग्लो हिमाल पनि पग्लिएको छ,
मलाई त लाग्छ,
यो गुरुत्वाकार्षण नै खल्बलिएको छ,
थुक्क शाला जिन्दगी ।
कृत्रिम हाँसोमा बाँचेको छ
हल्लिएर बाँचेको छ,
पढेर दर्शन ज्ञान, विज्ञानको
इतिहास, भूगोल अनि धर्मको ।
तर आज शास्त्रहरू खल्बलिएका छन्,
अक्षरहरू हल्लिएका छन्
कुकुर, बिराला र पक्षीहरू आतंकित छन्
माया, प्रेम र खुसीहरू आतंकित छन्
संघर्षका सुनौला सिँढीहरू भत्किएको यो समय
आमाको माया काँपेको छ
आमाको अस्तित्व काँपेको छ
के यो महाप्रलयको पीडा सिष्मोग्राफले नापेको छ ?।

यमराजको साइरन !
यो साइरन यस्तो छ,
मानौं डाइनोसर अगाडि उभिएको होस,
मानौं भष्मासुरले पछि पछि खेध्दै गरेको होस,
यस्तो दृष्य देखिन्छ,
जहाँ तारापुञ्जहरू ब्ल्याकहोलभित्र पसिरहेछन्
आँखेअगाडि आकाशबाट निरन्तर उल्कापिण्डहरू खसिरहेछन्
भागिरहेको चराचर अनि डढिरहेको आकाश,
बाँच्नुसँगको यो कस्तो हो सकस ?
कालो सर्पले फणा फुलाएर खेदिरहेको
भोको बाघ तृष्णा बोकेर हेरिरहेको,
एकहोरो शंख बजिरहेछ निरन्तर,
मलामीहरू डराएको यो समय !
सुतौं भन्छु तन्द्रामै ऐठन हुन्छ
अस्थिर मन आँसुबिना नै रुन्छ,
आकाशले पनि किन बादल मात्र छामिरहेको ?
छि ! के को डरले हो धरती यस्तरी कामिरहेको ?।
हजार जिब्रा भएका शेषनागले पनि बयान गर्न नसक्ने यो समय,
नेपालको राजधानी हल्लिएको छ
धरहरा काष्ठमण्डप ढलिसके
ऐतिहासिक गोर्खा दरबार गैगयो,
बारपाकमा अवशेष मात्र रैगयो,
आकाशमा देवगणहरू त्राहिमाम छन्
पातालमा वाशुकी नागहरू आतंकित छन्
कसैलाई पनि शान्ति छैन,
वीरभद्र, महाकालीको यो ताण्डव नृत्य
महिषासुरको उदण्डता
चण्डमुण्डको खतरनाक नौटंकी,
देशका सम्पदाहरू हल्लिएका छन्
चराचुरुंगीका लयहरू बिथोलिएका छन्,
गजधुम्म परेर आकाशले के हेरेको होला ?
चम्किरहने ताराले किन कोल्टो फेरेको होला ?
सोचिरहनु बेकार छ,
एकैछिनमा घरको पर्खाल काँप्न थाल्छ,
एकैछिनमा बिजुलीको वल्ब नाच्न थाल्छ,
प्रेतात्माहरू आए जस्तो सर्‍याङसुरुङ गर्दै आउँछ
हृदयभरि भय र आतंकले डेरा जमाउँछ,
पशुपतिनाथको घर हल्लिएको छ
मेरो मन हल्लिएको छ
सुन्दर उपवन हल्लिएको छ ।
यमराजको साइरनले साह्रै दुखेको छ मन,
बस्ती नै दुखेको बेला कस्लाई देखाउनु जलन ?
मानव सभ्यता र संसार नै काँपिरहेझैं लाग्छ,
यसो सुत्न खोज्यो प्रेतात्माले छोएझैं लाग्छ,
एउटा भीमकाय अव्यक्त पीडा र यो जीवन ।
बाच्नुसँगको अर्थ यहाँ खुल्दो रैछ
अब बाँचियो भनेर जीवन झुल्दो रैछ
बाँचेर त देखिन्छन् ती सुन्दर फूलहरू
बाँचिरहे ब्युँझिन्छन् ती पहाडका मूलहरू
बाँचिरहे झिकौंला दुखेका यी सुलहरू
बाँचिरहे सच्याउँला जीवनका भूलहरू
बाँच्ने इच्छा यति प्रबल भयो कि
भूकम्पको डर पनि हरायो
भुकम्प त आइरहेकै छ
तर के ले यस्तो गरायो ?
मेरा कल्पना आकाशमा उडिरहेछन्
मेरा सपना धरतीमा गुडिरहेछन्
मेरो पथ प्रदर्शक ब्रम्हाण्ड पनि हो
मेरो इच्छा शक्ति कल्पना पनि हो
यी स्वप्निल रहरहरू
भगवानले दिएका,
म ईश्वरको पुजारी
म ईश्वरको उपासक,
बाँच्ने रहर बढेको छ
हाँस्ने रहर बढेको छ
भूकम्प आउँदै गरोस्
तर विश्वासभित्र जीवन रमेको छ,
तर जे भए पनि यमराजको साइरन बजिरहेको
यो समय निक्कै डरलाग्दो छ,
अनि बाँच्ने रहर पनि कति रहरलाग्दो छ ?
जीवन र मृत्युबीचको यो कठिन समय
बयान गर्न नसकिने
र निक्कै कहालीलाग्दो छ ।

# विश्व अर्थतन्त्रमा यसरी पुग्यो चीन



विष्णु भट्टराई

सि चिङफिङ, तङ स्याओपिङपछिका सबैभन्दा शक्तिशाली नेता हुन् । उनका बुवाले पनि तङको निकट भएर काम गरेका थिए । सिले भने आफूलाई तङकै विरासतको रुपमा प्रस्तुत गर्दागर्दै पनि आफूलाई धेरै हदसम्म उनीभन्दा फरक प्रस्तुत गरिरहेका छन् । तङ र सिबीचको मुख्य फरक विदेशी पूँजी र प्रविधिसम्बन्धमा हो । तङले विदेशबाट सहयोग र विषयविद्हरु खोज्न पार्टीलाई प्रोत्साहन गरेका थिए । तर, सीले भने आत्मनिर्भरतामा जोड दिइरहेका छन् । उनले 'विदेशी शत्रु शक्ति'को भयबारे पार्टी पंक्तिलाई सचेत बनाइरहेछन् ।

चीनको परिवर्तनलाई समयले भने निकै ठूलो साथ दिएको हो । उसले ठ्याक्कै त्यतिबेला खुलापनको नीति अंगीकार ग(यो, जतिबेला ताइवान विश्वव्यापी उत्पादन शृंखलामा जोडिने प्रयत्नमा थियो । अर्को शब्दमा भन्ने हो भने सिले तङको नारामा भएको 'खुलापन'लाई कम प्रयोग गरिरहेका छन् । आर्थिक वृद्धिका लागि चिनियाँ कम्युनिष्ट पार्टीले मोलेका जोखिमहरुमध्ये सबैभन्दा ठूलो जोखिम सम्भवत: विदेशी लगानी, व्यापार र विचार भित्रिन दिने नीति नै हो ।

अहिलेको उत्तर कोरियाजस्तै संसारबाट बेग्लै बसेको देशले यस्तो नीति अंगीकार गर्नु जुवा खेले सरहर नै थियो । चीनले आफूलाई विश्वभर फैलिरहेको विश्वव्यापीकरणको तरंगमा समावेश गरायो र विश्वकै कारखानको रुपमा उदायो । खासगरी असिमित इन्टर नेटलाई दिइएको छुटले चीनलाई प्रविधिमा अघिल्लो पंक्तिमै ल्याइदियो । त्यस्तै विदेशीसँग लिएको सल्लाहले उसलाई बैंकहरुको पुनर्संरचना गर्न, कानूनी संयन्त्र स्थापना गर्न र नयाँ कर्पोरेटहरु सिर्जना गर्न सहयोग पु(याए ।

चिनियाँ कम्युनिष्ट पार्टीले भने यी घटनाक्रमलाई बेग्लै तरिकाले प्रस्तुत गर्छ । उसले अहिले भईरहेको आर्थिक वृद्धिलाई ' चिनियाँ माटोकै उपज' भनेर प्रस्तुत गर्छ । यो वृद्धि खासगरी सक्षम नेतृत्वको योगदान हो भनेर व्याख्या गर्छ । तर यो व्याख्याले चीनको उदयसँग जोडिएको सबैभन्दा ठूलो बिब्ल्याँठोलाई लुकाउँछ । त्यो बिब्ल्याँठो हो - चीनको पूर्वशत्रुहरुले नै यो आर्थिक वृद्धि सम्भव गराएका हुन् ।

पार्टीका प्रचारकहरुले बारम्बार निन्दा गर्ने अमेरिका र जापान नै चीनका सबैभन्दा ठूला व्यापार साझेदार तथा सहयोग, ऋण र विशेषज्ञताको स्रोत बने । यो समीकरण परिवर्तनमा सबैभन्दा ठूलो भूमिका टोनी लिनजस्ता खेलाडीहरुले गरेका थिए । लिन एउटा कारखानाका म्यानेजर थिए जसले सन् १९८८ मा मुख्य चीनको भ्रमण गरेका थिए ।

लीन त्यहीँ ताइवानमा जन्मे, हुर्केका मानिस थिए जहाँ चिनियाँ कम्युनिष्ट पार्टीको विजयसँगै पराजित भएकाहरु भागेर पुगेका थिए । स्कुले जीवनमा लीनले मुख्य चीनभुमी दुश्मन हो भनेर पढेका थिए । ताइवानमा लीनको जुत्ता कारखाना थियो । सन् १९८० को दशकको अन्तिमतिर उनको जुत्ता कारखानामा काम गर्ने मजदुर नै पाइन छोड्यो । त्यसपछि उनको सबैभन्दा ठूलो ग्राहक नाइक कम्पनीले उनलाई केही उत्पादन चीनतर्फ सार्ने सुझाव दियो ।

लीनले आफ्नो डर पन्छाएर चीनको भ्रमण गरे । चीन भ्रमणमा उनी अचिम्भत भए । चीनमा उनले ठूलो र ईच्छुक श्रम शक्ति कामको खोजीमा भएको देखे । त्यस्तै चिनियाँ अधिकारीहरु पनि पूँजी आयातका लागि तीव्र प्रतीक्षामा थिए । उनले अधिकारीहरुले कसरी राज्य सञ्चालित कारखानाको उपयोग सित्तैमा गर्न दिन्छन् र पाँच वर्षसम्मको कर छुट पनि दिन्छन् भन्ने पनि बुझे । खासमा त्यतिबेला वासिङटनमा धेरैले व्यापारले राजनीतिक परिवर्तन ल्याउने आशा गरेका थिए । अवश्य पनि व्यापारले राजनीतिक परिवर्तन ल्यायो । तर चीनमा भने ल्याएन । 'खुलापनको नीति'ले सबैले सोचेभन्दा उल्टो चिनियाँ कम्युनिष्ट पार्टीको शक्ति झनै मजबुद बनाइदियो ।

त्यसपछिको एक दशक लीनले दक्षिणी चीनमै बिताए । उनी कहिलेकाहीँ थोरै समयका लािग मात्र आफ्नी श्रीमती र छोराछोरी भेट्न ताइवान जान्थे । उनले त्यहाँ पाँचवटा ठूला जुत्ता कारखाना खोले । त्यसमध्ये एउटा नाइकको चिनियाँ बिक्रेता पनि हो । 'त्यतिबेलाका चिनियाँ नीति अद्भुत थियो', उनी सम्झिन्छन्, 'उनीहरु पानी शोस्ने कपासजस्तै थिए । पैसा, प्रविधि हरेक थोक सोस्थे ।'

हङकङ, ताइवान, सिंगापुरजस्ता चिनियाँ जाती भएका क्षेत्रबाट चीनमा प्रवाह भएको लगानीको एक हिस्सा हुन् लीन । लीनजस्ता लगानीकर्ताले नै चिनियाँ अर्थतन्त्रलाई उकासेका हुन् । केही अर्थशास्त्रीका अनुसार यो डायस्पोरा नभएको भए चीनको परिवर्तन सम्भवत इन्डोनेसिया र मेक्सिकोको तहसम्ममात्र पुग्ने थियो ।

चीनको परिवर्तनलाई समयले भने निकै ठूलो साथ दिएको हो । उसले ठ्याक्कै त्यतिबेला खुलापनको नीति अंगीकार गऱ्यो जतिबेला ताइवान विश्वव्यापी उत्पादन शृंखलामा जोडिने प्रयत्नमा थियो । चीनले ताइवानको पूँजीबाट मात्र फाईदा लिएन, उसको व्यवस्थापन अनुभव, प्रविधि र विश्वभरका ग्राहकहरुसँगको सम्बन्ध पनि उपयोग गऱ्यो । ताइवानले चीनमा पूँजीवादतर्फको यात्रालाई बल दियो र विश्व अर्थतन्त्रसँग जोडिदियो । त्यसो त लामो समयदेखि ताइवान एक समयको शत्रु देश चीनसँगमा यतिविधि निर्भर भएकोमा चिन्तित नभएको होइन । उसले आफ्नो लगानीलाई अन्यत्र सार्ने प्रयत्न पनि गरेको थियो । लीनले नै थाइल्याण्ड, भियतनाम र इन्डोनेसियामा कारखाना खोल्ने प्रयत्न गरेका थिए । तर सकेनन् र चीन नै फर्किए । कारण थियो, चीन एकातर्फ निकै नजिक र सस्तो थियो भने भाषा, सभ्यता सबथोक मिल्थ्यो । अहिले ताइवान आफूभन्दा निकै शक्तिशाली चीनप्रति अत्याधिक निर्भर भएको महसुस गरिरहेछ । चीनले भने उसलाई एकीकरणका लागि दबाब दिइरहेछ । यो टापुको भविष्य नै अनिश्चित छ ।

चीनको गतिको साँचो चिनियाँ कम्युनिष्ट पार्टीसँगै छ । पछिल्लो चार दशकमा चीनको आर्थिक वृद्धिदर अमेरिकाको भन्दा १० गुणा बढी थियो । ताइवानकोजस्तै निराशा अहिले संसारभर पाइन्छ । चीनलाई व्यापार र लगानीमा ल्याएकोमा उनीहरुमा एक प्रकारको पछुतो पनि छ । सबैभन्दा ठूलो पछुतो अमेरिकालाई छ । उसले चीनलाई विश्व व्यापार संगठनमा ल्याएको थियो । आफै चीनको सबैभन्दा ठूलो बजार बनेको थियो । अहिले आफैले चीनलाई भारीमात्रामा प्रविधि चोरी गरेको आरोप लगाइरहेको छ । एकजना अमेरिकी अधिकारी त यसलाई ' इतिहासमै सबैभन्दा धेरै मात्रामा सम्पत्ति प्रसार' भएको भनेर व्याख्या गर्छन् ।

खासमा त्यतिबेला वासिङटनमा धेरैले व्यापारले राजनीतिक परिवर्तन ल्याउने आशा गरेका थिए । अवश्य पनि व्यापारले राजनीतिक परिवर्तन ल्यायो । तर चीनमा भने ल्याएन । 'खुलापनको नीति'ले सबैले सोचेभन्दा उल्टो चिनियाँ कम्युनिष्ट पार्टीको शक्ति झनै मजबुत बनाइदियो । चीन आफैं निर्यात व्यापारको बादशाह बनेर उदायो तर कारखाना विस्तार भने गरेन । अर्थशास्त्रीहरुका अनुसार चिनियाँ निर्यात व्यापारका कारण अमेरिकामा कम्तिमा २० लाखले जागिर गुमाए । त्यसैले धेरैजसो ट्रम्पको पक्षमा मतदान गर्न पुगे ।

विश्वभरका अर्बौं डलर बराबरको सम्पत्ति व्यवस्थापन गर्ने कम्पनी भ्यान्टोज होल्डिङका अध्यक्ष लुनसँग मध्य बेइजिङमा अवस्थित एउटा अपार्टमेन्ट बिल्डिङको ५० औं तलामा रहेको निजी क्लबमा भेट भएको थियो ।

'त्यो काम एकदमै सजिलो थियो', लुनले भने, 'एकदिन जुरुक्क उठ्नासाथ मैले सबैजना भागिरहेको देखें । म पनि भागें ।' उनले भने अनुसार सैनिकहरुले गोली चलाउनु अघिसम्म उनले सिंगो जीवन सरकारी नोकरीमा नै बिताउने योजना बनाएका थिए । तर पार्टीले विद्यार्थी आन्दोलनप्रति सद्भाव राख्नेजतिलाई पेल्ने नीति लियो । उक्त नीतिका कारण धेरै अधिकारी पलायन भएर सन् १९९० को दशकमा नयाँ उद्यम थाले । तीमध्ये लुन पनि एक थिए ।

'त्यतिबेला तपाईंले बैठक गरेर व्यवसायमा जाउ भनेको भए हामी जाँदैनथ्यौं', उनी सम्झिन्छन्, 'तर त्यो घटनाले नजानिँदो रुपमै बजार अर्थतन्त्रको बीउ छ(यो ।'

चिनियाँ कम्युनिष्ट पार्टीको सफलतामा यस्तै ढिकिच्याउँ पद्दतिले काम गरेको छ । माओपछि राजनीतिक उदारीकरणतर्फ गईरहेको चिनियाँ कम्युनिष्ट पार्टीलाई सन् १९८९ को प्रजातान्त्रिक आन्दोलनले उल्टोबाटोमा मोडिदियो । पार्टी दमन र नियन्त्रण तर्फ लाग्यो । तियानमेनमा भएको आम नरसंहारपछि अर्थतन्त्र ठप्प भयो । त्यसको तीन वर्षपछि तङ स्याओपिङले दक्षिणी चीनको भ्रमण गरे र पार्टीलाई फेरी एकपटक 'सुधार र खुलापन' तर्फ डो(याए ।

फेङ जस्ता सरकारी सेवा छोडेका धेरैले बाहिरबाटै देशको परिवर्तनमा योगदान गरे । उनीहरु चीनको नीजि व्यवसायका पहिलो पुस्ता थिए । अहिले सि जिङफिङले पार्टीलाई पुन: दमन तर्फ लगिरहेका छन् । समाजमा नियन्त्रण बढाईरहेछन् । आफ्नो हातमा शक्ति संकेन्द्रित गरिरहेछन् । र, आफूलाई स्थायी रुपमा राष्ट्रपतिको रुपमा स्थापित गर्नेगरी दुई कार्यकालको सिमितता हटाएका छन् । के चिनियाँ कम्युनिष्ट पार्टी तियानेमन कान्डमा जस्तै पुन: पराजित हुनेछ ? वा यो स्थायी परिवर्तनत हुनेछ ? के यसले जादुमय चिनियाँ आर्थिक परिवर्तनलाई केही प्रभाव पार्छ ?

माओपछि राजनीतिक उदारीकरणतर्फ गइरहेको चिनियाँ कम्युनिष्ट पार्टीलाई सन् १९८९ को प्रजातान्त्रिक आन्दोलनले उल्टोबाटोमा मोडिदियो । पार्टी दमन र नियन्त्रणतर्फ लाग्यो । तियानमेनमा भएको आम नरसंहारपछि अर्थतन्त्र ठप्प भयो । त्यसको तीन वर्षपछि तङ स्याओपिङले दक्षिणी चीन भ्रमण गरे र पार्टीलाई फेरि एकपटक 'सुधार र खुलापन' तर्फ डोऱ्याए ।

सि जिङफिङले चीनको उदयको कथा पुन:लेखन गर्न खोजिरहेछन् । त्यसका लागि उनले निश्चित दमनलाई त्यो भन्दा कडा दमनले विस्थापन गर्ने प्रयत्न गरिरहेछन् ।

चिनियाँ कम्युनिष्ट पार्टी सधैंभरि स्थायी त्रासको रुपमा स्थापित भएको छ । उदाउँदो विपक्षी पार्टी, लोकप्रिय धार्मिक आन्दोलन र नोबेल पुरस्कार प्राप्त लेखक समेतलाई उसले दमन गरेको छ । तर एउटा ठूलो अपवाद के भने उसले जनताको व्यक्तिगत जीवनबाट एक कदम पछि हटेर आर्थिक वृद्धिका लागि आवश्यक स्वतन्त्रता पनि प्रदान गरिरहेछ । यस्तो खालको सन्तुलन निर्माण गरेर उसले कसरी फाईदा लियो भन्ने एउटा उदाहरण इन्टरनेट हो ।

शुरुमा पार्टीले इन्टरनेट विस्तारका लागि छुट दियो र आफूलाई बाधा पार्नसक्ने सूचना प्रसारण नियन्त्रण गरेर आर्थिक फाइदा लियो । सन् २०११ मा भने उसले संकटको सामना गर्नुप(यो । पूर्वी चीनमा भएको उच्च गतिको रेल दुर्घटनालाई लिएर ३० करोडभन्दा बढी म्यासेजहरु प्रवाहित भए ।

ती म्यासेजले दुर्घटना नियन्त्रण र त्यसको व्यवस्थापनमा पार्टीको कमजोरी उजागर गरेका थिए । सेन्सरले नियन्त्रण गर्नुपूर्व नै ती म्यासेजहरु प्रवाहित भइसकेका थिए । त्यसपछि पार्टीका अधिकारीहरुले वेइबो (चिनियाँ ट्वीटर) लाई प्रतिबन्ध लगाउने विचार गरे । तर अधिकारीहरुले यसबाट जनता भड्किन सक्ने ठाने । अन्तत: उनीहरुले वेइबोलाई प्रतिबन्ध नलगाउने निष्कर्ष निकाले तर वेइबोजस्ता कम्पनीहरुलाई नियन्त्रण बढाउनकै लागि दबाब दिए । यो सम्झौताले काम गऱ्यो । अहिले वेइबोजस्ता कम्पनीहरुले सेन्सरशीपकै लागि हजारौं रोजगार सिर्जना गरेका छन् । चीन विश्व इन्टरनेट सञ्जालमै भीमकाय भएको छ । 'इन्टरनेटले सिर्जना गर्ने मूल्यभन्दा सेन्सरशीपले पैदा गर्ने खच निकै कम छ', एक उद्यमी चेन तोङ भन्छन्, ' हामीले आफ्नो आर्थिक प्रगतिका लागि आवश्यक सूचना पाईरहेकै छौं ।'

खुला बजारका आवश्यकता सँगै सर्वसत्तावादी शासनका पनि माग पूरा गर्ने चीनमात्र एक्लो देश होइन । तर उसले अरुले भन्दा लामो समयदेखि, अरुले भन्दा ठूलो मात्रामा र अरुलेभन्दा बढी सन्तुष्ट पार्नेगरी यो काम गरिआएको छ ।अमेरिकासँग साझेदारको साटो विरोधी भएर यो मोडलले काम गर्छ कि गर्दैन भन्ने अहिले उठेको प्रश्न हो । व्यापार युद्ध भर्खरै शुरु भएको छ । तर यो व्यापार युद्धमात्र होइन ।

वासिङटनले विश्वभर बढ्दो बेइजिङको प्रभावलाई नियन्त्रण गर्ने प्रयास गरिरहेको छ । संसारभर पूर्वाधार निर्माणमा बढ्दो चिनियाँ लगानीले तनाव सिर्जना गर्ने चेतावनी उसले दिइरहेको छ । यी दुई देश अहिलेलाई केही सम्झौतामा पुग्न सक्छन् । तर, अमेरिकामा उदारवादी र अनुदारवादी दुवैले चीन विश्व व्यवस्थाको वैकल्पिक शक्तिको रुपमा उदाइरहेको व्याख्या गरिरहेका छन् । उनीहरुले चीनको उदयले अधिनायकवादलाई प्रश्रय दिने र स्वस्थ प्रतिस्पर्धा घटाउने दावी गरिरहेका छन् । पछिल्ला दशकहरुमा विदेशमा शक्ति प्रदर्शन कसरी गरिएको छ र कसरी गर्नुपर्छ भन्नेबारे गहिरोसँग बाँडिएको अमेरिकामा यस्तो एकैमत दुर्लभ हो ।

अर्कोतर्फ सि जिङफिङले आफूले दिएको नारा 'चिनियाँ राष्ट्रको महान् कायाकल्प' बाट एक कदम पनि पछि हट्ने संकेत देखाएका छैनन् । उनको टिमका केही मानिसहरुले सन् २००८ को वित्तिय संकटपछि अमेरिकालाई कुनै न कुनै हिसाबले चीनलाई असर पार्ने दावा गरिरहेका छन् । उनीहरुले ट्रम्प प्रशासनका नीतिहरुलाई अमेकिारले चीनलाई सधैं निचो बनाउन चाहन्छ भन्ने कथनको प्रमाणको रुपमा पेश गरिरहेका छन् ।

यही समयमा बढ्दो नयाँ खाले कटुताप्रति विश्वव्यापी रुपमै बेचैनी सिर्जना भएको छ । यो कटुताका दुई कारण छन् । एक, चीनको वृद्धिका कारण अमेरिकामा बेचैनी सिर्जना भएको छ । दुई चिनियाँ कम्युनिष्ट पार्टीको सुत्र असफल हुनसक्छ भन्ने त्रास पनि छ ।

समृद्धिले चीनमा आशाहरु बढाइदिएको छ । जनताले केवल आर्थिक वृद्धि चाहँदैनन् । उनीहरु स्वच्छ हावा, सफा खाना र औषधी, राम्रो स्वास्थ्यसेवा र विद्यालय, कम भ्रष्टाचार र उच्च समानता चाहन्छन् । पार्टीले यी सुविधा प्रवाह गर्न संघर्ष गरिरहेका छ । 'सबैभन्दा मुख्य प्रश्न, आर्थिक वृद्धि कसका लागि हो ?' मोगनसान प्रतिवेदन तयार गर्नेमध्येका एक सु झियाङ भन्छन्, 'हामीले यही प्रश्नको समाधान गरेका छैनौं ।'

अहिले आर्थिक वृद्धिदर धिमा भएको छ । यसले दिर्घकालका लागि अर्थतन्त्रलाई फाईदा पुऱ्याउँछ तर जनताको विश्वास त हल्लाउन सक्छ । अहिले पनि चिनियाँ कम्युनिष्ट पार्टीले असमानता, ऋण र वृद्धहरुको संख्या बढिरहेको जस्ता देशका चुनौतीबारे छलफल गर्नबाट रोक लगाएको छ । त्यस्तो छलफल रोक्न र नियन्त्रण गर्न उसले सेन्सरशीपमा प्रशस्त खर्च गरिरहेछ । खुला बजारका आवश्यकतासँगै सर्वसत्तावादी शासनका पनि माग पूरा गर्ने चीन मात्र एक्लो देश होइन । उसले अरुले भन्दा लामो समयदेखि, ठूलो मात्रामा अरुलाई सन्तुष्ट पार्ने गरी काम गरेको छ । सु झियाङ स्वंय पार्टीले नयाँ नीति अवलम्बन गर्नुपर्छ भन्नेमा सचेत छन् । देश 'नयाँ युग' मा गएको घोषणा गरेर नयाँ तौरतरिका अपनाउनुपर्छ भन्ने उनी ठान्छन् । तर उनका विचार स्वीकार गरिँदैन ।

चीनमा 'खुलापन'लाई बाहिर धकेल्ने नीतिले विस्थापन गरेको छ । देशबाहिर चीन ऋण र अन्य देशको आन्तरिक राजनीतिमा सहभागी हुने क्रम बढ्दै गईरहेछ । देशभित्र भने प्रयोगलाई बाहिर फालेर कट्टरता र अनुशासनलाई भित्र हुलिरहेछ । सारमा सि जिङफिङ पार्टी पुरानै सर्वसत्तावादी स्वरुपमा फर्किन्छ र त्यसैले नै अमेरिकाको सामना गर्नसक्छ भन्ने ठान्छन् । अवश्य पनि, चीनको गतिको साँचो चिनियाँ कम्युनिष्ट पार्टीसँगै छ । पछिल्लो चार दशकमा चीनको आर्थिक वृद्धिदर अमेरिकाको भन्दा १० गुणा बढी थियो । अहिले पनि यो दर अमेरिकाको भन्दा दुईगुणा बढी छ । पार्टीले भारीमात्रामा जनताको समर्थन पाएको छ ।

*- फिलिप पी पान 'द टाइम्स एसिया'का सम्पादक र 'आउट अफ माओज् स्याडो: द स्ट्रगल फर द साउल अफ अ न्यू चाइना' नामक पुस्तकका लेखक हुन् । उनले दुई दशकसम्म चीनमा बसेर पत्रकारिता गरिसकेका छन् ।*

*(द न्यूयोर्क टाइम्स, सन् २०१८ नोभेम्बर १८ को अंकमा प्रकाशित लेखको नेपाली भावानुवाद ।)*







# संसारकै लोपोन्मुख माछा पाइने "बराहपोखरी"

पर्यटन



चारैतिर वनजङ्गल बीचमा एकनासले अचल भएर बसेको छ, विशाल पोखरी । जसको मुहान र निकास केही देखिन्न । चारैतिर पहाडै पहाडको बीच भागमा रहेको समथर जमीनमा अवस्थित पोखरीको आयतन बाह्रै महीना एउटै देखिन्छ । जहाँ संसारकै लोपोन्मुख रातो माछा पाइने गरिन्छ । जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजारदेखि १६ कोष दक्षिणमा पर्ने यो तालको नाम हो 'बराहपोखरी' ।

यसलाई सौन्दर्यकी खानीभन्दा फरक पर्दैन । यो पोखरीले झण्डै पाँच किलोमिटर क्षेत्रफल ओगटेको छ । ३३० मिटर लम्बाइ र २१० मिटर चौडाइ भएको यो पोखरीमा हरेक वर्षको हरिबोधनी एकादशीको दिन ठूलो मेला लाग्ने गर्छ ।

परापूर्वकालमा एउटा घरको अँगेनोबाट माछा निस्किएपछि त्यसलाई पोलेर खाँदा त्यहाँबाट पानी निस्किएर मगर बस्तीका १२ घर डुबेर बनेको ताल भएकाले यसलाई बराहपोखरी भनिएको किंवदन्ती छ । बराहपोखरी पुग्न दिक्तेलबजारदेखि पैदल यात्रा गर्दा दुई दिन लाग्छ । दिक्तेल, टेम्मा, चुइचुम्मा बोफ्लु, छितापोखरी, चिप्रिङ, इन्द्रेयणीपोखरी, खोटाङबजार हुँदै सावाखोला तरेपछि करिब तीन घण्टामा बराहपोखरी पुगिन्छ । उदयपुरबाट खोटाङ र उदयपुरको सिमानामा पर्ने सुनकोशीस्थित बुवाँजोरघाट, कुलाबाध हुँदै बराहपोखरी पुगिन्छ । भोजपुरबाट पाँचधारे हुँदै चिसापानी छिचोलेपछि त्यहाँ पुगिन्छ ।

बराहपोखरीस्थित स्थानीय शैलीका होटलहरु प्रशस्त रहेकाले त्यहाँ बास बस्नका लागि कुनै समस्या छैन । बराहपोखरी आसपासका होटलमा खानाबाहेक सेलरोटी, सिबलतरुल, घरतरुल लगायतका परिकारहरू प्रशस्तै पाइन्छन् । बराहपोखरीको दक्षिणपट्टि अवस्थित बराहमाई र शङ्खेश्वरको पूजाआराधना गरे चिताएको कुरा पूरा हुने जनविश्वास रहिआएको छ । जीवनमा शान्ति मिलोस् भनी मन्दिर जोडी परेवा उडाउनाका साथै शुद्धताका लागि पोखरीमा नुहाएर पूजाआराधना गर्ने चलन छ ।

बाह्रै महीना हरियो देखिने यस पोखरीमा नुहाए मोक्ष पाउने पनि जनविश्वास छ । विवाह गरेको लामो समयसम्म सन्तान नभएका जोडीले यहाँ आएर पूजापाठ गरे सन्तान पाइने जनविश्वास छ । हरिबोधनी एकादशीका अवसरमा लाग्ने यहाँको मेलामा विशेषगरी धामीझाँक्रीको भीड लाग्ने गर्छ । उक्त पोखरीमा रामनवमी, शिवरात्रि, बालाचतुर्दशी र माघे सङ्क्रान्तिका दिन शत्बीज छर्ने प्रचलन पनि रहेको छ ।

प्राकृतिक रुपमा सुन्दर तथा धार्मिक आस्थाका धरोहर मानिने बराहतालमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या वृद्धि हुँदै गएको छ । पूजाआजा र अवलोकन भ्रमण गर्नेको आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या अहिले दैनिक ३०० को हाराहारीमा रहेको स्थानीयवासीको भनाइ छ । बराहपोखरी आउने पर्यटकलाई लक्षित गरेर अहिले तीन वटा डुङ्गा सञ्चालन गरिएको छ । डुङ्गा सयर गर्ने पर्यटकबाट सङ्कलित रकम पोखरी व्यवस्थापनका लागि खर्च गरिदैं आएको पोखरी व्यवस्थापन समितिले जनाएको छ ।

यो पोखरीलाई नेपाल सरकारले देशको १०० वटा पर्यटन गन्तव्यमध्ये एउटा गन्तव्य क्षेत्रका रुपमा घोषणा गरिसकेको छ । यसको चौतर्फी विकासका लागि सरकारले गरेको यो निर्णय जिल्लाको पर्यटन विकासका लागि कोशेढुङ्गा साबित हुने विश्वास प्रतिनिधिसभा सदस्य विशाल भट्टराईको छ । यसअघि आव २०७३र७४ मा बराहपोखरीको विकासका लागि प्रतिनिधिसभा सदस्य भट्टराईको संसदीय विकास कोषबाट रु ६० लाख बजेट विनियोजन गरिएको थियो । उक्त बजेटबाट पोखरीमा अवस्थित बराहमाई र शङ्खेश्वर मन्दिर पुन:निर्माण गर्नाका साथै डुङ्गा खरीद गरेर सञ्चालनमा ल्याइएको छ ।

प्रेरक

## दाँत र जिब्रोको अन्तर



वृद्धावस्थामा पुगेपछि एक साधुलाई आफू जीवनको अन्तिम प्रहरमा पुगेको महसुस भयो । उनले आफ्ना शिष्यलाई आश्रममा बोलाए । सबै आइपुगेपछि उनले मुख 'आँ' गरेर देखाउँदै भने- मेरो मुखमा कति दाँत बाँकी रहेछन्, कसैले गन त । शिष्यहरूले ध्यानपूर्वक उनको मुख नियाले । सबैले एक स्वरमा भने- गुरुदेव, हजुरको मुखमा त एउटा पनि दाँत छैन ।

साधुले फेरि सोधे- मेरो जिब्रो त बाँकी छ नि होइन ? सबैले फेरि एकै स्वरमा जवाफ दिए- हो, हजुरको जिब्रो अझै बाँकी छ ।

साधुले हल्का मुस्कुराउँदै भने- म जन्मिँदा पनि मेरो मुखमा जिब्रो थियो । अहिले मर्ने समयमा पनि यो जस्ताको तस्तै सुरक्षित छ । मेरा दाँत मभन्दा आठ वर्षपछि जन्मिए, तैपनि ती सबै जिब्रोभन्दा अगाडि नै गइसके । यसको के कारण हुन सक्छ ? कसैले मलाई बताऊ त ।

शिष्यहरूले भने- हामीलाई यसको रहस्य थाहा छैन गुरुदेव ! हजुरले नै हामीलाई यसको रहस्य बताइदिनुपर्‍यो ।

पुनः अलि अलि मुस्कुराउँदै साधुले भने- यही सब बुझाउन नै मैले तिमीहरूलाई यहाँ बोलाएको हुँ ।

जिब्रोमा माधुर्य थियो, कोमलता थियो । त्यसैले, त्यो आजसम्म मेरो मुखमा पहिलेजस्तै सुरक्षित छ । तर, दाँतमा सुरुदेखि नै कठोरता थियो । त्यसैले उनीहरू पछि जन्मेर पनि छिटै समाप्त भए । कठोरताका कारण उनीहरू दीर्घजीवी बन्न सकेनन् । त्यसैले, तिमीहरू पनि दीर्घजीवी बन्न चाहन्छौ भने कठोरता छोड र कोमलतालाई ग्रहण गर ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । प्रयत्न गर्दा राम्रो उपलब्धि हातलागी हुनेछ । पहिले रोकिएको काम बन्नेछ भने जिम्मेवारी समेत बढ्न सक्छ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । साझेदारीबाट पनि लाभ मिल्नेछ । पारिवारिक आवश्यकता पूर्ति होला । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोगबाट विशेष लाभ मिल्नेछ ।

### वृष
नयाँ कामले नाम र दाम दिलाउनेछ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्‍याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । व्यवसायमा सोचेको प्रगति हुनेछ । कर्मयोगले मानसम्मान समेत दिलाउन सक्छ ।

### मिथुन
तत्काल उपलब्धि प्राप्त नभए पनि सम्भावना खोजी गर्ने समय छ । दिगो फाइदा हुने योजना बन्न सक्छ । आफूलाई लाभ नभए पनि सानो प्रयत्न गर्दा सामाजिक काम बन्नेछ । अवसरवादीहरूबाट सजग रहँदै गोपनीयतामा ध्यान पुर्‍याउनुहोला । बाध्यात्मक परिस्थितिले अलमल्याउन सक्छ । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ । उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला ।

### कर्कट
चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ने समय छ । अस्वस्थताले लक्ष्यमा पुग्न समस्या पर्नेछ । शुभचिन्तक र प्रतिस्पर्धीलाई समेटेर काम लिनुपर्ने समय छ । योजना पूर्ण नभए पनि आंशिक लाभ अवश्य हुनेछ । सम्भावना देखिए पनि उपलब्धि प्राप्त गर्न समय लाग्नेछ । समस्या दर्साउँदा सहयोगीहरूबाट साथ पाइनेछ । परिस्थिति विचार गरेर मात्र नयाँ काम थालनी गर्नुपर्ला ।

### सिंह
आजको दिन निकै रमाइलो र उत्साहवर्द्धक रहनेछ । परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउन सक्छ । नयाँ परिवेशमा पुगिए पनि नयाँ साथीभाइ भेटिनेछन् । प्रेमको बन्धन कसिनेछ । कामको सन्दर्भमा रमाइलो यात्राको अवसर प्राप्त हुन सक्छ । साथीभाइ र सहयोगीहरूले साथ दिनेछन् । पहिलेको दुविधाले निर्णायक मोड लिनेछ । भौतिक सुविधाका वस्तुहरू जुटाउन सकिनेछ ।

### कन्या
केही चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्‍याउनेछ । ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा सफलता प्राप्त हुनेछ । समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । रोग तथा शत्रुमाथि विजय प्राप्त गर्न सकिनेछ । प्रतिस्पर्धाको दौडमा समेत सजिलै जित हासिल हुनेछ ।

### तुला
कामको गति सुस्त हुनाले प्रतिफल पनि प्रभावित हुनेछ । आफ्नै कमजोरीले लक्ष्यमा पुग्न नसकिएला । राम्रो नतिजा हातपार्न काम दोहोर्‍याउनुपर्ला । अरूको भरले मात्र उद्देश्य पूरा नहुन सक्छ । अध्ययनका लागि आजको दिन त्यति उपलब्धिमूलक नभए पनि व्यावसायिक कर्मले गति लिनेछ । समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन् । प्रतिफल हातपार्न केही समय लाग्नेछ ।

### वृश्चिक
अवसरलाई पछ्याउन नसक्दा व्यवहारमा पछि परिनेछ । समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन् । परिस्थितिवश मिहिनेतको फल अरूलाई सुम्पनुपर्ने अवस्था आउन सक्छ । आफ्नाले समयमा सहयोग नगर्दा अवसर फुत्किएला । नयाँ योजना प्रारम्भ गर्न उपयुक्त साइत पर्खनुहोला । प्रतीक्षा गरिएको नतिजाले उत्साह जगाउनेछ । दिगो काम प्रारम्भ हुन सक्छ ।

### धनु
समयमा अग्रज तथा सहयोगीहरू जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् ।

### मकर
बोलीको गलत अर्थ लाग्नाले मान-सम्मानमा आघात पुग्ने सम्भावना छ । विचार सम्प्रेषण गर्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला । श्रम परे पनि सोचेको मूल्य प्राप्त नहुन सक्छ । आफ्नो कमजोरीको फाइदा अरूले उठाउन सक्छन् । नयाँ जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला । फजुल खर्चले चिन्ता बढाउन सक्छ । काममा ईर्ष्या गर्नेहरूबाट सजग रहनुपर्ला ।

### कुम्भ
विभिन्न अवसरले पछ्याए पनि समयमा निर्णय लिन नसक्दा पछि परिनेछ । खानपानको असावधानीले स्वास्थ्य बिग्रनेछ । आफ्ना कमजोरीको फाइदा अरूले उठाउने चेष्टा गर्नेछन् । स्वार्थका लागि धाउनेहरूबाट सजग रहनुपर्ला । मुख्य भूमिका निर्वाह गरे पनि छायामा परिएला । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । आगन्तुकले अलमल्याउने हुँदा लक्ष्यमा पुग्न समय लाग्नेछ ।

### मीन
घर खर्च बढ्नुका साथै अर्थ अभावले सताउन सक्छ । अरूको विश्वास गर्दा धोका पाइएला । आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति पनि आउन सक्छ । फाइदाका लागि दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । बसाइको स्थानान्तरण वा यात्रा सम्भावना छ । अवसरका लागि गरिएको प्रयत्न व्यर्थ हुने छैन । पछि फाइदा हुने काममा जग बसाउने समय छ ।

# तामाको भाँडामा पानी पिउँदाको फाइदा



हिन्दु परम्परा अनुसार तामालाई पवित्र धातु मानिन्छ र वैदिक कार्यहरुमा तामाको भाँडालाई अनिवार्य मानिन्छ । दैनिक जिवनमा समेत तामाको गाग्रीमा राखेको पानी पिउनु उत्तम मानिन्छ र गाउँघरतिर तामाकै गाग्रीमा पानी भरेर राखिन्छ अझैपनि ।

यद्यपि सहरतिर पनि तामाको भाँडाको प्रयोग नभएको होइन । धार्मिक हिसाबले मात्र होइन वैज्ञानिक अध्ययनहरुले समेत तामाको भाँडामा राखेको पानी पिउनु स्वास्थ्यका हिसाबले निकै फाइदाजनक रहेको देखाएका छन् । आयुर्वेदका अनुसार तामाको भाँडामा राखेको पानी पिउँदा विभिन्न खाले रोगबाट बँच्न सकिन्छ । हरेक बिहान तामाको भाँडामा राखेको पानी पिउनुका फाइदा यस्ता छन् :

आयुर्वेदका अनुसार तामाको भाँडामा पानी खानाले तीनैवटा दोष (वात, कफ र पित्त) लाई सन्तुलित पार्ने क्षमता हुन्छ । तामाको भाँडामा राखिएको पानीलाई 'ताम्रजल' भनिन्छ । यसका लागि तामाको भाँडामा कम्तीमा ८ घण्टा राख्नुपर्छ । तामाको भाँडामा पानी राख्नाले तामा बिस्तारै पानीमा मिसिएर सकारात्मक गुण प्रदान गर्छ । यसको सबैभन्दा राम्रो पक्ष भनेको यसमा राखिएको पानी कहिल्यै पनि बेस्वादको हुँदैन । त्यसैले लामो समयसम्म तामाको भाँडामा पानी राख्न सकिन्छ ।

तामामा प्राकृतिक रुपमा ओलीगोडिनेमिकको रुपमा (ब्याक्टेरियामा धातुलाई स्टेरलाइज्ड) मानिन्छ । यसमा राखिएको पानीको सेवनले पेटमा भएको ब्याक्टेरिया सजिलै नष्ट गर्न सक्छ । यस्तै, पानीजन्य रोग डाइरिया, कमलपित्तजस्ता रोग रोक्न पनि उपयोगी मानिन्छ । थाइरेक्सिन नामक हर्मोनको असन्तुलनका कारण थाइराइडको रोग लाग्छ । तामाको भाँडामा राखिएको पानी पिउनाले शरीरमा थाइरेक्सिन हर्मोन नियन्त्रित हुन्छ र यो हर्मोन निकाल्ने ग्रन्थीको कार्यप्रणालीलाई पनि नियन्त्रित गर्छ । तामामा मष्तिष्कलाई उत्तेजित गर्ने गुण हुन्छ । यो गुणको उपस्थितिमा मष्तिष्कले तीब्रता र कुशलतापूर्वक काम गर्न मद्दत गर्छ ।

जोर्नी दुख्ने समस्या छ भने तामाको भाँडामा राखिएको पानी नियमित पिउनाले फाइदा हुन्छ । यसमा एन्टी इन्फ्लेमेटरी गुण हुन्छ । यदि छाला स्वस्थ र सुन्दर बनाउन चाहनुहुन्छ भने रातभर तामाको भाँडामा राखिएको पानी बिहान पिउनुहोस् । तामाले शरीरमा नयाँ कोशिकाहरुको उत्पादनमा मद्दत गर्छ । नियमित रुपमा यस्तोपानी पिउनाले छाला स्वस्थ र चम्किलो हुन्छ ।

एसिडिटी, कब्जियतजस्ता पेटका समस्या भएका मानिसका लागि तामाको भाँडामा राखिएको पानी अमृतसमान हुन्छ । आयुर्वेदका अनुसार यदि शरीरमा भएको विषाक्त पदार्थ बाहिर निकाल्न चाहने हो भने तामाको भाँडामा कम्तीमा ८ घण्टा राखिएको पानी पिउनुहोस् । यसबाट पेट फुल्ने समस्या र पाचनप्रणालीका समस्या हट्छन् ।

तामाको भाँडामा राखिएको पानी पिउनाले चाउरी पर्ने प्रक्रियालाई पनि ढिलो गराइदिन्छ । यसले नयाँ र स्वस्थ छालाको कोशिकाको उत्पादनमा पनि मद्दत गर्छ ।यसले रगतको विकार र कमी हुने समस्या हट्छ । पोषक तत्वलाई शोषेर रक्तवाहिनी नलीहरुमा यसलाई नियन्त्रित गर्छ ।

विज्ञानले पुष्टि गरेको छ कि तामाको भाँडामा पानी खाँदा यसले २० रोगबाट बचाँउछ । ब्लड प्रेसर, कोलेस्ट्रोरल नियन्त्रण गर्न, हार्ट अटैकबाट बचाउँछ । स्मरणशक्ति मजबूत बनाउँछ । पित्त र कफसम्बन्धी रोग भगाउँछ । पेटलाई क्षति गर्ने बैक्टेरिया मारेर अल्सरदेखि कुनै किसिमका इन्फेक्सन हुनबाट बचाउँछ ।

डायरिया, पिलिया, डिसेन्ट्री खतम गर्छ । एसिडिटी भगाउँछ । पेट, लिवर र किडनीको सुरक्षा गर्छ । एन्टी इन्फ्लेमेटरी प्रोपर्टिज दुखाईको कम गर्छ । अर्थराइटिसको समस्या समाधान गर्छ । अर्थराइटिस र हाड जोर्नी दुखाई भगाउँछ । इम्युन सिस्टम मजबुद बनाउँछ । त्वचाको अल्ट्रावायलेट किरणबाट बचाउँछ । एन्टी आक्सिडेन्ट्सको रुपमा काम गरेर अनुहार त्वाच्चा बचाउँछ । स्किनमा एक सुरक्षा लेयरको रुपमा बस्दछ । वजन कम गर्छ ।

डाइजेस्टिव सिस्टमको मजबुद बनाउँछ । शरीरमा बोसोको मात्रा कन्ट्रोल गर्छ । एन्टी वाइरल, एन्टी बैक्टरियल र एन्टी इन्फ्लेटरी प्रोपर्टीजको रुपमा काम गरेर घाउँलाई छिटै निको पार्ने काम गर्छ । इम्युन सिस्टम मजबूत बनाएर सेल्सहरुको विकास गर्छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Assuage = शान्त पार्नु, कम हुनु By eating two plates of rice, he assuaged his hunger (दुई थाल भात खाएर उसले आफ्नो भोकलाई शान्त गर्‍यो)

Brawn = मसलको बल (मुढेबल) He tries to solve every problem by brawn not by intelligence (ऊ सबै समस्या बुद्धिले भन्दा पनि मुढेबलले समाधान गर्न खोज्छ)

Curtail = छोटो बनाउनु, कमी ल्याउनु After getting retirement from government service, he has curtailed his public life (निवृत्त भएपछि उसले आफ्नो सार्वजनिक क्रियाकलापमा कमी ल्याएको छ)

Dissonant = नमिल्दो His music is somewhat strange because he uses dissonant chord while composing (उसको संगीत अनौठोको हुन्छ किनकी ऊ नमिल्दो कर्डहरू प्रयोग गरी संगीतबद्ध गर्दछ)

Extraneous = बेमतलबका कुराहरू As his brain is full of extraneous things, he can not concentrate on important issue (उसको दिमाग बेकारका कुराले पूर्ण भएको हुँदा महत्वपूर्ण कुराहरूमा उसले ध्यान केन्द्रित गर्न सक्तैन)

Friction = मतभिन्नता, घर्षण At a time when country is under civilwar, friction among the constitutional forces can have only detrimental effect (देश गृहयुद्धमा जकडिएको बेला संवैधानिक शक्तिहरूबीच तनावले खाली नकारात्मक असर मात्र छोड्छ)

Grate = वाक्क बनाउनु The screams of quarreling children grated on the nervous of their mother (बच्चाबच्चीहरूको कलह र झगडाले तिनीहरूको आमालाई वाक्क बनायो)

Hiatus = छुट्टी Except for two years hiatus during which she was in USA, she devoted her life in classical music दुई वर्ष अमेरिकामा रहँदा छुट्टीको समयबाहेक तिनले आफ्नो सम्पूर्ण जीवन शास्त्रीय संगीतको लागि अर्पण गरिन्)

Hypercritical = सबै कुरा भनेकै जस्तो हुनुपर्दछ भन्ने सोचाइ One can not be hypercritical since every one makes mistake भूल नगर्ने जब कोही पनि हुँदैन भने सबै कुरा भनेकै जस्तो हुनुपर्दछ भन्ने सोचाइ राख्नु हुँदैन)

Insipid = बेस्वादको What he cooks is insipid for me but for himself is very tasty (उसले पकाएको खाना मेरो लागि बेस्वादको भए पनि ऊ आफैंलाई भने स्वादिलो हुन्छ)

# नि:शुल्क दन्त परीक्षण



निजी क्षेत्रबाट २०७६ सालको आश्विन महिनामा मात्र गोकर्णेश्वर नगरपालिकाको जोरपाटी जुबि पेट्रोल पम्पमा स्थापना भएको डेन्टल पार्क प्रा.लि. ले समुदाय तथा विद्यालय लक्षित 'मुख स्वास्थ्यको सुरक्षा तथा सचेतना कार्यक्रम' का लागि समुदाय तथा विद्यालयमा पुगी सेवा प्रदान गर्ने उद्धेश्य राखी स्थापना भएअनुरूप सो संस्थाबाट आफ्नो उद्धेश्यअनुरूप समय समयमा स्थानिय स्तरमा रहेका विद्यालयहरूसँग समन्वय गरी आफ्नो संस्थाले प्रदान गर्न सक्ने सेवाहरू नि:शुल्क रूपमा प्रदान गर्ने लक्ष्य लिएको छ र संस्थाको उद्धेश्य प्राप्तिका लागि कार्यक्रम पनि संचालन गरिसकेको छ जसको उदाहरण स्वरूप यसै संस्थाका संस्थापक तथा दन्त चिकित्सक डक्टर मोहित पियाका अनुसार यस प्रकारको कार्यक्रम गत महिनाको चैत्र १ गते गोकर्णेश्वर नगरपालिकाको अत्तरखेलमा अवस्थित नेपालय इङ्गलिस पब्लिक स्कूल र जोरपाटीकै छहारी क्लब बेशीगाउँमा अबस्थित रिडर्स इन्टरनेसनल मोडेल स्कुलमा गत चैत्र ५ गते दुई दिन गरी उक्त दुईवटा विद्यालयका करिब ७३० जना विद्यार्थीहरूको दन्त परीक्षणका साथै मुख स्वास्थ्य सचेतना कार्यक्रम पनि संचालन गरिएको थियो । सो कार्यक्रममा डेन्टल पार्क प्रा.लि. मै कार्यरत डक्टर सुमना के.सी. तथा डा. मोहित पियाले दन्त परिक्षण गर्नुका साथै मुख स्वास्थ्यको बारेमा विद्यार्थीहरूलाई सचेत गराउनुभएको थियो । यसै प्रकृतिको कार्यक्रम स्थानीय स्तरमा समय अनुकूल नियमित संचालन गरिरहने कुरा पनि बताउनुभयो ।

# Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get angry = रिसाउनु It is his habit to get angry for nothing वेफ्वाँकमा रिसाउने उसको स्वभावै हो ।

Get bored = झ्याउ लाग्नु I get bored simply if I have nothing to do केही गर्ने कुरा भएन, मलाई त्यसै झ्याउ लाग्छ ।

Get hungry = भोक लाग्नु Although she gets hungry she avoids eating भोकै लाग्दा पनि तिनी खान हतपत्ति मान्दिनन् ।

Get worried = चिन्तित हुनु He gets never worried even if he is out of pocket खल्ती रित्तो हुँदा पनि ऊ कहिल्यै चिन्तित हुँदैन ।

Get fat = मोटाउनु If you get fat your stamina will reduce यदि तिमी मोटाउँछौ भने तिम्रो शारीरिक सक्रियता घट्छ ।

Get thinner = पातलो बन्नु She eats very little in order to get thinner पातली बन्नकै लागि भनेर तिनी कम खान्छिन् ।

Get colder = चिसो हुनु Even in mid-summer the weather of Kathmandu gets colder as soon as it rains पानी पर्ने बित्तिकै काठमाडौंको मौसम गर्मी याममा पनि चिसो हुन्छ ।

Get better = सुधार भइरहनु He is getting better with this medicine यो औषधीले उस्मा सुधार भइरहेछ ।

Get wet = भिज्नु He is afraid of getting wet because of rain पानीले भिजाउला कि भनेर ऊ डराइरहेछ ।


Get used to = बानी पर्नु You are new in this place, you will soon get used to the climate तिमी यो ठाउँमा नयाँ छौ । विस्तारै यहाँको हावापानीसँग तिम्रो बानी पर्छ ।

## सुडोकु-अंक १४५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | | ४ | २ | | | | | |
| | | १ | | | ७ | ६ | | |
| | | | ८ | | | | ४ | १ |
| १ | | | | | | | ६ | |
| ८ | | ९ | | | | १ | | ३ |
| | ७ | | | | | | | ५ |
| ६ | ९ | | | | ३ | | | |
| | | ७ | १ | | | ९ | | |
| | | | | | ५ | २ | | ६ |

## अंक १४४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ९ | ४ | ६ | २ | ८ | ३ | ७ | १ |
| ७ | ६ | २ | ५ | ३ | १ | ९ | ८ | ४ |
| ३ | १ | ८ | ४ | ९ | ७ | २ | ५ | ६ |
| २ | ५ | ३ | १ | ७ | ४ | ६ | ९ | ८ |
| ८ | ७ | ६ | २ | ५ | ९ | ४ | १ | ३ |
| १ | ४ | ९ | ३ | ८ | ६ | ५ | २ | ७ |
| ६ | ३ | ७ | ९ | १ | ५ | ८ | ४ | २ |
| ४ | ८ | ५ | ७ | ६ | २ | १ | ३ | ९ |
| ९ | २ | १ | ८ | ४ | ३ | ७ | ६ | ५ |



















# एक कप चिया दान नवौ वर्षमा प्रवेश

दिनको एक कप चिया बराबरको रकम संकलन गरी वर्ष भरीमा जम्मा हुने रकम एक मुष्ट कोही असहाय उपचार गर्न नसकी वसेका, मोतिविन्दुको कारण अन्धकारमय जीवन विताइरहेका वृद्धवृद्धाहरुको उपचार खर्चमा दान दिइ पुण्य लाभ तथा आत्मसन्तुष्टि प्राप्त गर्ने कार्यक्रम हो ।

एक कप चिया दानले कम्तिमा एकजना असहाय मोतिविन्दु रोगीको उपचार हुन्छ र उसले जीवनमा नयाँदृष्टि प्राप्त गर्दछ । तर दाताले चाहेमा बढी दान गरे एकभन्दा बढीको उपचारलाई पनि सहयोग गर्न सकिन्छ । एककप चिया दान कार्यक्रमलाई दिगो बनाउन हरेक वर्ष दान दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ । दाताले आफूमात्रै नभई आफना प्रिय जनहरुलाई समेत यस कार्यक्रममा सहभागी बनाइ पुण्य कमाउन सकिन्छ । वर्षको ३६५ कप बराबरको रकम सहयोग गरी साधारण सदस्यता र एकमुष्ट रु २५००० दान गरी आजीवन सदस्यता लिन सकिन्छ । यस कार्यक्रमले असहाय मोतिविन्दुका रोगीहरुलाई नयाँ दृष्टि प्रदान गर्ने हुँदा एक कप चिया दान आँखा दान गरे सरहकै पुण्य मिल्छ ।

यस कार्यक्रममा सहभागी भई एक कप चिया दान गरी वार्षिक सदस्यता र एक मुष्ट रकम जम्मा गरी आजीवन सदस्यता लिनेहरुको संख्या हरेक वर्ष बढ्दै गइरहेको छ । यो कार्यक्रमलाई २०५२ सालदेखि युवा नेत्र सेवाले संचालन गर्दै आएको हो । जुन स्वास्थ्य सेवामा समर्पित नाफारहित गैरसरकारी सामाजिक संस्था हो । विशुद्ध मानवीय सेवाको लागि निस्वार्थ भावनाले कार्य गर्ने भनी यस संस्थाले आफनो स्थापनाकालदेखि नै गुणस्तरीय आँखा स्वास्थ्यसेवा प्रदान गर्दै आइरहेको छ

सिमित स्रोत साधन र शुभचिन्तकहरुको सहयोगमा निशुल्क आँखाको परिक्षण तथा उपचार, स्कुले बालबालिकाहरुको आँखा परिक्षण, प्राथमिक आँखा स्वास्थ्य शिक्षा तालिम, असहाय तथा विपन्न वृद्धवृद्धाहरुलाई निशुल्क मोतिसबिन्दु शल्यक्रिया आदि कार्यक्रमहरु संचालन गरी विशुद्ध समाज सेवाको कार्यमा निरन्तर लागिरहेको छ ।

युवा नेत्र सेवाद्वारा संचालित एक कप चिया दान कार्यक्रमको शुरुवात गर्ने पहिलो दाता काठमाडौं निवासी रत्न डंगोल हुनुहुन्छ । उहाँ एक समय आफैं आँखाको बिरामी हुनुहुन्थ्यो । युवा नेत्र सेवासँग सम्बन्धित नमस्ते आँखा क्लिनिकबाट राम्रो उपचार पाई रोग निको भएपछि खुसी भएर प्रत्येक दिन एक कप चिया बराबरीको रकम जम्मा गरी वार्षिक रुपमा आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाइ यस कार्यक्रमको पहिलो सदस्य बन्नुभएको थियो ।

'आँखा बचाऔं जीवन जोगाऔं' भन्ने नारामार्फत अभियानको शुरु गरेको युवा नेत्र सेवाको नवौं एक कप चिया दान दिवस यस वर्ष पनि गत मार्च ३० तारिखका दिन भब्यताका साथ सम्पन्न भएको छ । संस्थाका अध्यक्ष सिद्धार्थ रंजितको सभापतित्व तथा लोकप्रिय हास्य कलाकार मदनकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा संचालन भएको उक्त कार्यक्रम राष्ट्रिय गान गाएर शुरु गरिएको थियो भने विगत वर्षमा यस अभियान अन्तर्गत कति कार्य भए भन्ने कुराको प्रस्तुति पनि गरिएको थियो । एक कप चिया दान गरौं भन्ने गीत गुञ्जन साथ सुरु भएको सो समारोहमा आफ्नो मन्तब्य राख्दै यस पत्रिकाका संम्पादक सुरेन्द्र ढकालले मानवता, नैतिकता र इमानदारिता हराउँदै गई सिला खोज्नुपर्ने अवस्था आइरहेको अवस्थामा यस्ता मानवीय कार्यक्रमले निरन्तरता पाइरहनु र झन् बढी दाताहरुलाई आकर्षण गर्न सक्नु आफैंमा अतुलनीय कार्य भएको देखी आफू पनि यस अभियानको आजीवन सदस्य हुने निर्णय गरेको बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि मदनकृष्ण श्रेष्ठले समारोहमा आफूलाई आमन्त्रित गरिएकोमा धन्यवाद दिँदै एक कप चिया दानमार्फत आँखादान गर्ने कार्य मानवीय कार्यको अतुलनीय उदाहरण हो भन्नुभयो । त्यस्तै अरु संस्थाहरुले मृगौला दान, छाला दान जस्ता कार्य गरेको र त्यस्तो कार्यमा आफू संलग्न हुने मौका परेको बताउनु भयो । मन्तब्यको क्रममा उहाँले छोटो मिठो गीत गाएर सुनाउनु भएको थियो ।




कार्यक्रममा अभियानका सचिव रोशनराज महर्जनले स्वागत मन्तव्य राख्नुभएको थियो । बाला श्रेष्ठ र आस्था सुवेदीले पनि मन्तव्य ब्यक्त गर्नुभएको थियो भने संगीतकार मनराजा नकर्मी, गायिका संगीता शाक्य, राखेपका पूर्व-सदस्य सचिव किशोरबहादुर सिंह उपस्थित कार्यक्रममा सदस्यता वितरण गरेका थिए । समारोहको अन्त्यमा एक कप चिया दान कार्यक्रमले विगत नौ वर्षदेखि कसरी कार्य गर्दै आयो र वर्तमान अवस्थामा यस कार्यक्रम दिन पर दिन ब्यापक बन्दै गएको बताउँदै अध्यक्ष सिद्धार्थ रंजितले सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

## नागरिकता...

संविधानको धारा ११ उपधारा ६ ले गरेको छ । नेपाली महिलासँग बिहे गरेर नेपाली नागरिकता लिन चाहने विदेशी पुरुषलाई नागरिकता दिने, नदिने भन्ने विषयमा विधेयक बोलेको छैन । डलरवादी कथित महिला, अधिकारकर्मी भनाउँदाहरु विदेशी ज्वाइँले पनि नेपाली नागरिकता पाउनुपर्छ भन्दै पेटिकोटको इँजार चुँडिने गरी चिच्याइरहेका छन् । नेपाली महिलाले विदेशीसँग बिहे गर्दा अरु देशको नागरिकता लिने बेला कति झन्झट व्यहोर्नुपर्छ र अपमानित हुनुपर्छ भन्ने उनीहरुले हेक्का राख्नु जरुरी छ । विदेशमा नागरिकताका लागि दुःख पाइरहेका नेपाली चेलीहरुका लागि आवाज उठाउनुपर्नेमा विदेशी ज्वाइँका लागि आवाज उठाउनु महिला अधिकारकर्मीहरुको कस्तो नियत हो ? अधिकारकर्मी भनिएकाहरुले लैंगिक समानताका नाममा विदेशीलाई नेपाली नागरिकता दिलाउन न्वारनदेखिको बल लगाउनु नेपालीको आवरणमा विदेशीहरुको आवाज गुन्जिनु हो । नेपाललाई विदेशीको क्रीडास्थल बनाउन खोज्नु हो ।

नेपालको संविधान २०७२ धारा १२ भन्छ- यो संविधानबमोजिम वंशजाको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैंगिक पहिचानसहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछन् । सरकारले ल्याएको विधेयकमा आमाको नामबाट नागरिकता प्राप्त गर्न यस्तो व्यवस्था गरिएको छ । नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको पुष्ट्याइँसहित निज वा निजको आमाले स्वघोषणा गरेर निवेदन दिनुपर्नेछ । यसरी बाबुको नामबाट नागरिकता लिँदा आमाको प्रसंगै लिनु नपर्ने तर आमाको नामबाट नागरिकता लिँदा बाबुको पहिचान खुल्न नसकेको कारण पनि पुष्टि गर्नुपर्ने प्रस्तावप्रति महिला सांसद र अधिकारकर्मीले विमति जनाएपछि राज्य व्यवस्था समितिमा छलफल हुँदा बाबुको पहिचान हुन नसकेको कारण पुष्टि गर्नुनपर्ने तर व्यहोरा लेख्नुपर्ने सहमति भएको छ । यसरी प्रशासनको फाइलमा व्यहोरा पनि उल्लेख हुनेछ । तर नागरिकताको प्रमाणपत्रमा बाबुको पनि उल्लेख हुनेछ । तर नागरिकताको प्रमाणपत्रमा बाबुको प्रसंग उल्लेख हुने छैन । यसअघि यस्तो आमाको नामबाट नागरिकता लिने सन्तानको नागरिकतामा बाबुको नाम लेख्ने ठाउँमा 'ठेगाना नभएको' भनेर लेख्ने व्यवस्था थियो । यस्तो सहमतिले बाबुको पहिचान लुकाएर विदेशी बाबुका सन्तानलाई नेपाली नागरिकता दिने बाटो प्रशस्त गरेको छ । विदेशी पुरुषसँग विवाह गरेर विदेशमा गइसकेका महिलाहरुलाई नागरिकता दिने घातक व्यवस्था विधेयकले गरेको छ ।

नेपाली पुरुषसँग विवाह गरेकी विदेशी महिलाले माइती देशको नागरिकता नत्यागी तत्काल अंगीकृत नेपाली नागरिकता पाउने छिन् । अर्थात् एकैचोटि दुई देशको नागरिक बन्ने सुविधा पाउँछिन् । भारतीय संविधानले भारतीय नागरिकसँग विवाह गर्ने विदेशी चेलीले सात वर्ष पछि मात्र नागरिकताका निम्ति निवेदन गर्ने अधिकार पाउँछिन् । तर नागरिकता पाउने ग्यारेन्टी हुँदैन । विदेशी पुरुषसँग विवाह गरेकी नेपाली महिलाबाट जन्मेका सन्तान जहाा जन्मिएको भए पनि नेपाली नागरिक हुन सक्ने थप व्यवस्थाले नेपालीहरु नै विस्तारै अल्पमतमा पर्न सक्ने खतरा बढेको छ ।

किर्ते नागरिकता र सर्वोच्च अदालतले खारेज गरेका नागरिकताका प्रमाणपत्रहरु अद्यावधिक चलनचल्तीमै रहेका छन् । लाखौं भारतीयहरुले नेपाली नागरिकता प्राप्त गरिसकेको अवस्था छ । जब निर्वाचन आउँछ त्यसको पूर्वसन्ध्यामा नागरिकता वितरण गर्ने गरिएको छ । हालसम्म झन्डै ४५ लाख भारतीयले नेपाली नागरिकता लिइसकेको अनुमान गरिएको छ । मधेस आन्दोलनताका भारतीय गृहमन्त्री राजनाथ सिंहले मधेसमा १ करोड भारतीयहरु रहेको र तिनको सुरक्षाको वकालत गरेका थिए । खुला सिमाना, सन् १९५० को शान्ति तथा मैत्री सन्धि, सीमापारका सामाजिक तथा वैवाहिक सम्बन्ध, भ्रष्ट र घूसखोरी प्रशासन, भारत सरकारको नेपाली नागरिकता हत्याउने विदेश नीति र योजनाका कारण व्यापक रुपमा भारतीय नागरिकहरुले नेपाली नागरिकता प्राप्त गरिसकेका छन् । यो विधेयक यदि ऐन बने थप लाखौं भारतीयहरुले नागरिकता लिने बाटो खुल्नेछ । भारतको जनसंख्या एक अर्ब ३५ करोड पुगिसकेको छ । नेपालको जनसंख्या तीन करोडको हाराहारीमा छ । भारत नेपालभन्दा भूगोलमा २२ गुणा ठूलो छ । यति धेरै क्षेत्रफल र जनसंख्या भएको मुलुक भारतबाट खुला सीमाका कारण भारतीयहरु नेपालमा आइरहेका छन् रोजगारीका निम्ति र व्यवसायका निम्ति । नेपाल, भारत खुला सिमानालाई नियमत गर्ने व्यवस्था यदि नगर्ने हो भने नेपालभित्रै नेपालीहरु अल्पमतमा पर्न सक्नेछन् फिजीको जस्तो । नेपाल र भारतका प्रबुद्ध समूहले तयार गरेको प्रतिवेदनमा सीमा नियमनको व्यवस्था गर्ने विषय समेटिएकै कारण भारतीय पक्षले प्रतिवेदन नबुझेको स्पष्ट छ ।

तराईमा बसोबास गरिरहेका भूमिहीन कृषि मजदुरको नाममा जग्गाधनी पुर्जा बनाई उनीहरुलाई सहजै नेपाली नागरिकताको प्रमाणपत्र दिने व्यवस्था गरिनुपर्छ । तराईमा थुप्रै आदिबासीहरुले अझै नागरिकता नपाएको विवरण सार्वजनिक भइरहेको छ । नागरिकता पाउने व्यवस्थालाई विधेयकले झन् उदार बनाएर विदेशीहरुले नेपाली नागरिकता लिन सहज बनाइनु देशकै निम्ति दुर्भाग्य हुनेछ । राष्ट्रहित अनुकूल हुने गरी कडा नागरिकता नीति अवलम्बन गरिनुपर्छ । उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरेर गैरनेपालीले लिएका नागरिकता किर्ते प्रमाणपत्र र सर्वोच्च अदालतले बदर गरेका नागरिकता प्रमाणपत्रहरुलाई व्यावहारिक रुपमै रद्द गरिनुपर्छ । सन् २०१८ मा भारतका श्रमिकले नेपालबाट ३ खर्ब ३२ अर्ब विप्रेषण लगेका छन् । यसबाट थाहा हुन्छ- नेपालमा भारतीयहरुको बिगबिगी कति छ ?

२०६४ सालको संविधानसभा निर्वाचन अगाडि खटिएको नागरिकता टोलीबाट देशैभर १ लाख ७० हजार ४२ जनाले जन्मका आधारमा नागरिकता पाएका थिए । नागरिकता विधेयक संसदमै छलफलका क्रममा रहेको समयमा गृहमन्त्रालयले जन्मका आधारमा नागरिकता लिएकाहरुका बालिग सन्तानलाई वंशजका आधारमा नागरिकता दिन ७७ जिल्ला प्रशासनलाई परिपत्र गरेको छ । अन्तरिम संविधान २०६३ ले ०४६ चैत मसान्तसम्म नेपालमा जन्म भई स्थायी रुपले नेपालमै बसोबास गर्दै आएका व्यक्तिलाई जन्मका आधारमा नेपाली नागरिक मान्दै आएको थियो । नागरिकता ऐन २०६३ मा त्यही अनुसार व्यवस्था गरी नागरिकता वितरण गरिएको थियो । एकपटक त्यो पनि ऐन जारी भएको दुई वर्षभित्रको अवधिका लागि जन्मका आधारमा नागरिकता दिन सकिने व्यवस्था गरिएको थियो । त्यसरी नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानले कस्तो नागरिकता पाउने भन्ने कानुनी व्यवस्था छैन । नागरिकता ऐनमै नभएको जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिने गृहको परिपत्रले फेरि पनि लाखौं गैरनेपालीहरुले नागरिकता प्राप्त गर्ने सम्भावनालाई बढाएको छ । यसले नेपाललाई फिजीकरण गर्दै महिन्द्रा चौधरी बनाउने बाटो

## ११ विद्यार्थी...

त्यसले आम नागरिकलाई झनै असुरक्षित बनाएको भन्दै वार्ताद्वारा समस्याको समाधान खोज्न आग्रह गरेको छ । अन्य पार्टी र बुद्धिजीवी वर्गले पनि सरकारको निर्णय गैरसंवैधानिक भएको भन्दै प्रतिबन्ध फुकुवा गर्न सरकारसँग माग गरेका छन् । यसै सन्दर्भमा अब विद्यार्थी संगठनहरु पनि आन्दोलनमा उत्रने तयारी गरिरहेका छन् । सरकारले रबैयातन्त्रको सुरुवात गरेको भन्दै त्यसको विरुद्धमा ११ संयुक्त विद्यार्थी संगठनहरुले यही चैत्र २९ गते विशाल विरोध सभाको आयोजना गर्ने घोषणा गरेका छन् । सरकारले मूलधारको राजनीति गरिआएको नेत्रविक्रम चन्द 'विप्लव' समूहलाई प्रतिबन्ध लगाएको र विखण्डनको नारा घन्काउने सिके राउतलाई संरक्षण गरेको भन्दै त्यसको विरुद्धमा विशाल विरोध सभा गर्न लागिएको संयुक्त ११ विद्यार्थी संगठनले जानकारी दिएको छ । संगठनले शैक्षिक तथा राजनैतिक एजेन्डामा केन्द्रित रहँदै सरकारको गम्भीर ध्यानाकर्षण गराउन आगामी चैत्र २९ गते राष्ट्रिय सभागृहमा विशाल विरोधको कार्यक्रमबारे जानकारी गराएको छ ।

## आर्थिक...

वृद्धि आर्थिक वर्ष सन् २०१८ (२०७४/७५) को २.८ प्रतिशतबाट आर्थिक वर्ष सन् २०१९ (२०७५/७६) मा ४.५ प्रतिशत पुग्न सक्नेछ। मनसुन राम्रो हुँदा धानको उत्पादन अघिल्लो वर्षभन्दा ८.४ प्रतिशतले वृद्धि भई ५५ लाख टन पुगेकाले कृषि क्षेत्रको वृद्धिदर उच्च बनेको हो। सुदृढ विद्युत् आपूर्ति र लगानीको वातावरणमा सुधारका प्रयत्नका कारण आर्थिक वर्ष सन् २०१९ (२०७५/७६) मा औद्योगिक क्षेत्र ७.१ प्रतिशतले विस्तार हुने अनुमान एडिबीले गरेको छ। थोक तथा खुद्रा व्यापार, होटेल र रेस्टुरेन्ट तथा वित्तीय सेवाको राम्रो प्रदर्शनका कारण सन् २०१९ (२०७५/७६) मा सेवा क्षेत्र ६.४ प्रतिशतले बढ्ने सम्भावना छ। सन् २०१९ (२०७५/७६) मा मुद्रास्फीति आर्थिक वर्ष सन् २०१८ (२०७४/७५) को ४.२ प्रतिशतबाट बढेर ४.४ प्रतिशतमा पुग्ने अनुमान पनि प्रतिवेदनमा गरिएको छ।

## नागरिकताबारे...

जन्मेको नागरिक हुनुपर्ने प्रावधान छ । अंगीकृतको त कुरै छोडौं । नेपालको संविधानमा आमाको नामबाट पनि नागरिकता पाउने उल्लेख छ । तर भारतीय संविधानमा त्यस्तो व्यवस्था छैन । नेपाली नागरिकसँग विवाह गरेकी कुनै विदेशी महिलाले तुरुन्त नागरिकता पाउने व्यवस्था नेपालको संविधानले गरेको छ ।

तर भारतीय संविधानमा भारतीय पुरुषसँग विवाह गरेकी कुनै विदेशी महिलाले भारतको नागरिकता पाउन पतिसँग भारतमा लगातार सात वर्ष बसेको हुनुपर्ने र त्यसपछि मात्र उसले नागरिकताका लागि आवेदन दिन पाउने व्यवस्था छ । आवेदनकर्ताले नागरिकता पाउनु नपाउनु भारतीय सरकारकै निर्णयमा भर पर्छ, नागरिकता पाउने अर्को कुनै कानुन छैन । जबकि नेपालमा विवाहको भोलिपल्टै सजिलै नागरिकता पाउने प्रावधान छ ।

भारतीय संविधानको धारा ११ अनुसार बनेको नागरिकता ऐन १९५५ मा सन् १९५० को जनवरी २६ मा त्योभन्दा पछि सन् १९८७ को जुलाई ९ तारिखमा भारतमा जन्मिएको व्यक्ति भारतीय हुने र डिसेम्बर ३, २००४ पछि जन्मेको जोसुकैले पनि भारतीय नागरिकता पाउन बाबु र आमा दुवै भारतीय हुनुपर्ने भारतीय नागरिकता ऐनमा व्यवस्था छ । भारतको वंशजको नागरिकता पाउन २६ जनवरी १९५० पछि र १० डिसेम्बर १९९२ अघि भारतीय बाबु र आमाबाट जन्मिएको व्यक्तिले मात्र नागरिकता पाउन सक्छ । भारतीय संविधानको भाग २ मा धारा ५ देखि ११ सम्म नागरिकता प्राप्ति र समाप्तिका प्रावधानहरु छन् ।

जसमा संविधान प्रारम्भ हुँदाका बखत जन्मेको वा त्योभन्दा पाँच वर्ष अघिदेखि भारतमा बसोबास गरेको व्यक्ति स्वतः भारतको नागरिक हुने पहिलो प्रावधान छ, भारतमा जन्मेको पाकिस्तानबाट बसाइँ सरेर आएको वा हजुरबा हजुरआमा वा कुनै अभिभावक भारतीय भएको व्यक्ति भारतीय हुन सक्ने व्यवस्था धारा ६ मा उल्लेख छ । तर अन्यत्र जेसुकै लेखिएको भए पनि भारतमा जन्मिएर पाकिस्तानमा बसोबास गर्ने भारतीयले भारतको नागरिकता नपाउने धारा ७ मा उल्लेख छ ।

## देउवाविरुद्ध...

भएका छन् । केन्द्रीय सदस्य महाधिवेशन प्रतिनिधिका लागि तल्लो बुथबाटै चुनिनुपर्ने र समानुपातिकमा एकै व्यक्तिको उम्मेदवारी नदोहोऱ्याउने गरी महासमितिमा जुटेको सहमति उल्टिएपछि उनीहरू विरोधमा उत्रिएका हुन् । क्षेत्रपाटीस्थित होटेल काठमाडौंमा कांग्रेसको भेला सुरु भएको छ । सभापति शेरबहादुर देउवाकै चाहनामा निर्णय उल्ट्याइएको उनीहरूको दाबी छ। भेलामा सहभागी नुवाकोट सभापति जगदीश्वर नरसिंह केसीले पार्टीमा संगठन सुदृढीकरण र अनुशासन स्थापित गर्न आफूहरूले बैठक बोलाएको बताएका छन् ।

२३ चैतमा बोलाइएको केन्द्रीय समिति बैठकको पूर्वसन्ध्यामा जिल्ला सभापतिहरू रणनीति बनाउन भेलामा बसेका छन् । उनीहरूले महासमितिमा गरेको प्रतिबद्धता कार्यान्वयन गराउन दबाबका लागि एजेन्डा तय गर्ने जनाएका छन् । भेलामा उपस्थित जिल्ला सभापतिहरूमा लीलादेवी बोखिम (ताप्लेजुङ), नरेन्द्रकुमार केरुङ (पाँचथर), हिमालय कर्माचार्य (इलाम), उद्धव थापा (झापा), गोविन्द ढुंगाना (तेह्रथुम), नन्दमणि राई (भोजपुर), नरेशकुमार श्रेष्ठ (खोटाङ), विनोद बस्नेत (सोलुखुम्बु), राजीव कोइराला (सुनसरी), डिगबहादुर लिम्बू (मोरङ), विदुर बस्नेत (उदयपुर), दीपेनकुमार श्रेष्ठ (संखुवासभा), कृष्णदेव यादव (रौतहट), अजय द्विवेदी (पर्सा), उज्ज्वल बराल (सिन्धुली), मधु आचार्य (काभ्रे), लवश्री न्यौपाने (रामेछाप), विकास लामा (सिन्धुपाल्चोक), जगदीश्वरनरसिंह केसी (नुवाकोट), सबुज बानियाँ (काठमाडौं), रमेश धमला (धादिङ), जितनारायण श्रेष्ठ (चितवन), वैकुण्ठ न्यौपाने (तनहुँ), खम्ब गर्बुजा (म्याग्दी), यङजिङ विष्ट (मुस्ताङ), कुमार राणा (स्याङ्जा), विष्णुप्रसाद लामिछाने (नवलपुर), भेषबहादुर पौडेल (लमजुङ), हरिबहादुर घले (गोरखा), वीरबहादुर राणा (पाल्पा), विष्णुप्रसाद खनाल (अर्घाखाँची), सुरेन्द्रप्रसाद आचार्य (कपिलवस्तु), अम्मरप्रसाद भण्डारी (प्युठान), अमरसिंह पुन (रोल्पा), केशरमान रोका (पूर्वी रुकुम), किरण कोइराला (बाँके), सञ्जय गौतम (बर्दिया), खड्गबहादुर शाही (मुगु), दीपबहादुर शाही (जुम्ला), हर्षबहादुर बम (कालिकोट), कृष्णकुमार बिसी (दैलेख), कमलराज रेग्मी (सुर्खेत), प्रेमप्रकाश ओली (पश्चिम रुकुम), गणेशबहादुर चन्द (सल्यान), जयपति रोकाया (हुम्ला), अंगत बुढा (डोल्पा), कर्णबहादुर मल्ल (डडेल्धुरा), ललितसिंह बोहरा (दार्चुला), नरेन्द्रसिंह थापा (बैतडी), हर्कजंगबहादुर सिंह (बझाङ) रहेका छन् ।

## नागरिकता विधेयकविरुद्ध...

भारतीय शासकको तावेदारी गर्न यहाँका शासकहरुले नागरिकता वितरणको ढोका खुला राखिदिने गरेको र फेरि पनि देश विकासको लागि छलफल गर्नुभन्दा नागरिकताको विषय नै उठाइरहेकोमा महासचिव मैनालीले आश्चर्य प्रकट गर्नुभयो । २००९ सालदेखि लिएर २०६२।६३ सम्म निर्वाध रुपमा बाँडिएका नागरिकताले नेपालमा रैथाने नेपाली अल्पमतमा पर्ने खतरा निम्तिएको र अहिले संसदमा पेस गरिएको नागरिकता संशोधन विधेयक पास गरी फेरि पनि लाखौं गैरनागरिकलाई नेपाली नागरिक बनाउने प्रपञ्च रचिएकोमा त्यसको भण्डाफोर गर्न उहाँले सबैमा आह्वान गर्नुभयो ।

अहिलेको विधेयकको उद्देश्य ०६३ को जनआन्दोलनपछि जन्मसिद्ध नागरिकता लिनेका सबैका सन्तानलाई वंशजको नागरिकता दिने रहेको र त्यसबेला ७५ प्रतिशत जतिले किर्ते जन्मसिद्ध नागरिकता बनाएका हुनाले किर्ते नागरिकका सन्तानलाई छानबिन नगरी कुनै पनि हालतमा नागरिकता दिन नहुनेमा मैनालीले जोड दिनुभयो । उच्चस्तरीय नागरिकता छानबिन आयोग बनाएर भारतीयले लिएको जन्मसिद्ध नागरिकता खारेज गरेपछि मात्र सक्कली नागरिकका सन्तानलाई नागरिकता दिनुपर्छ । मनले भारतीय कागजले नेपाली बन्ने र नेपालमा उपलब्ध सेवा, सुविधा लिने राजनीति गर्नेहरुको खोजी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । त्यसैगरी श्री ५ को सरकारका पालाका नागरिकता कार्ड, छाप प्रयोग गरेर समेत नेपाली नागरिकता बिक्री गरिएकाले त्यसको समेत छानबिन हुनुपर्छ- मैनालीले भन्नुभयो । उहाँले २०४६ साल चैत मसान्तभन्दा अब कुनै पनि हालतमा जन्मसिद्धको मिति सार्न नहुनेमा जोड दिनुभयो ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले संसदमा पेस भएको विधेयक नेपाली जनतालाई नागरिकता सहज बनाउनेभन्दा विदेशीलाई सहजै नागरिकता दिनको लागि ल्याइएको हो भन्नुभयो । केसीले नक्कली नेपाली नागरिकको बिगबिगी बढेपछि दिल्लीका सिल्लीले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र राख्ने प्रस्ताव ल्याएर क्याबिनेटबाटै निर्णय गराए । उक्त प्रस्तावको आफू एक्लैले विरोध गरेको समेत उहाँले बताउनुभयो । अध्यक्ष केसीले ३ पल्ट सांसद र नौ महिना क्याबिनेटमा बसेर हेर्दा नेपालीको नाममा विदेशीले शासन गरिरहेको स्पष्ट देखेको र अहिले पनि त्यसैको निरन्तरता चलिरहेको बताउनुभयो । वामपन्थीहरु खामपन्थी भएपछि राष्ट्रघाती विधेयक ल्याएको भन्दै यो विधेयक फिर्ता गराउन सम्पूर्ण राष्ट्रप्रेमी जनतालाई एक हुन केसीले आह्वान गर्नुभयो ।

राष्ट्रिय जागरण परिषद्का अध्यक्ष साध्यबहादुर भण्डारीले थुप्रै तथ्य, तथ्यांकहरु उदाहरणका रुपमा प्रस्तुत गर्दै यो देश फिजी र सिक्किम बन्न सक्ने खतरा निकट आइसकेको बताउनुभयो । उहाँले विहारको नागरिक परमानन्द झा उपराष्ट्रपति भइसकेको र राजेन्द्र महतो मन्त्री भइसकेको भन्दै अब राज्यका सबै पदहरु भारतीयले कब्जा गर्ने स्थिति आइसकेको बताउनुभयो । राष्ट्रघाती नागरिकता विधेयक पास भएमा यो मुलुकको भविष्य पूर्ण रुपमा खतरामा पर्ने भन्दै नेता भण्डारीले सम्पूर्ण देशभक्त जनतालाई एकजुट हुन आग्रह गर्नुभयो ।

ज्नसमाजवादी पार्टी नेपालका अध्यक्ष सुवासराज काफ्लेले बेलुका सुतेको नागरिक बिहान उठ्दा अर्कै देशको नागरिक हुने खतरा उत्पन्न भइसकेकाले नागरिकता विधेयक जुनसुकै हालतमा तुहाएर छाड्नुपर्छ भन्नुभयो । पृथ्वीको अस्तित्व रहेसम्म नेपालको अस्तित्व सुरक्षित राख्न सबै लाग्नुपर्ने र जेसुकै बोल्ने केपीलाई जेसुकै गर्न रोक लगाउनुपर्छ भन्नुभयो ।

कार्यक्रममा सत्तासीन नेकपाका केन्द्रीय नेताहरु वाचस्पति देवकोटा र जगन्नाथ खतिवडाले पनि सम्बोधन गर्दै आफूहरु नागरिकता विधेयकको विपक्षमा रहेको बताउनुभयो । ललितपुर लगनखेलको कार्यक्रममा नेकपा (नेकपा) का पोलिटब्युरो सदस्य युवराज ज्ञवालीले पनि नागरिकता विधेयकको विरोध गर्दै आन्दोलनमा ऐक्यबद्धता जाहेर गर्नुभएको थियो ।

शान्ति वाटिकाको कार्यक्रममा सीमाविद बुद्धिनारायण श्रेष्ठ, वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, मसालका प्रवक्ता रामप्रकाश पुरी, पूर्वसचिव द्वारिकानाथ ढुंगेल, पुष्पलाल अध्ययन समाजका लोककृष्ण भट्टराई लगायतले सम्बोधन गर्नुभएको थियो । नेकपा (माले) का पोलिटब्युरो सदस्य कृष्ण रानाको सभापतित्वमा भएको कार्यक्रममा सहभागीहरुले राखेका विभिन्न प्रश्नहरुको जवाफ नेता तथा विज्ञहरुले दिएका थिए ।

## कोणसभा...

स्वतन्त्र मधेश आन्दोलन अघि बढेको स्मरण गराउँदै अब कति लाख भारतीयहरुले फेरि नेपाली नागरिकता पाउने हो सोको लेखाजोखा नै गर्न नसकिने र नेपालमा नेपालीहरु नै अल्पमतमा परी देशको स्वाधिनता अन्त्य हुन सक्ने बताउनुभयो । सभामा मन्तव्य राख्दै राजमोका इन्चार्ज भट्टले प्रजातन्त्र स्थापना गर्ने कुरामा कांग्रेस र विभिन्न कम्युनिस्ट दलहरुसँग आफ्नो दलले संयुक्त संघर्ष गरेको कुरा बताउँदै राष्ट्रघात गर्ने कुरा कोहीसँग सहमत हुन सकिँदैन भन्दै यस्तो सवालमा सबै राष्ट्रवादी वामपन्थी दलहरुबीच एकता हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेकपा मालेका अछाम जिल्ला सचिव दिलबहादुर बिष्ट, कैलाली ३ नं चुनाव क्षेत्रीय सचिव मोतीलाल विश्वकर्माले पनि

मन्तव्य राख्नुभएको थियो । त्यसैगरी बुधबार चैत्र २० गते कैलालीको भजनी नगरपालिका इलाकामा क्षेत्रीय सचिव मोतीलाल बिकको नेतृत्वमा पर्चा वितरण तथा हस्ताक्षर अभियान संचालन भएको थियो । धनगढी नगरपालिका क्षेत्रमा इन्चार्ज ढकाल, प्रदेश सचिव रावल, क्षेत्रीय सचिव बिकको अगुवाइमा पर्चा वितरण तथा कोण सभा सम्पन्न भएको थियो । कार्यक्रमको अन्त्यमा नेकपा मालेको प्रदेश टोलीले सुदूरपश्चिम प्रदेश सरकारका मुख्य मन्त्री त्रिलोचन भट्ट काठमाडौंमा रहनुभएको कारण मुख्य सचिव नारायणप्रसाद विनाडीलाई विरोध पत्र बुझाएको थियो । हस्ताक्षर अभियान, कोणसभा तथा पर्चा वितरण कार्य चैत्र २७ गतेसम्म नियमित रुपमा संचालन हुने र यस अवधिमा उक्त प्रदेशमा न्यूनतम एक लाख जनाको हस्ताक्षर संकलन गरिने कुरा जानकारी गराइएको छ ।

## राष्ट्रको...

विषयमा असर पर्न सक्ने पुस्तकहरु समेत अन्य देशबाट भित्र्याउन नपाइने कानून लागु गरे । सन् १६४९ मा ओलिभर क्रमवेलले प्रेसलाई केही स्वतन्त्रता दिए । सोही वर्ष राजा चार्ल्स प्रथमलाई मृत्युदण्ड दिएपछि वेलायतमा एघारवर्ष गणतन्त्रात्मक शासन चल्यो । त्यो अवधिमा प्रेस जगत धेरै अनुत्तरदायी वनेको इतिहासकारहरुको कथन छ । तर, राष्ट्रिय सुरक्षा जस्ता विषयमा अधिकांस वेलायतीहरु सतर्क भएकाले प्रेसले त्यति जथाभावी गर्न पाउने अवस्था थिएन ।

सन् १७८७ मा अमेरिकी संविधानले त्यहाँको प्रेस स्वतन्त्रतालाई स्पष्ट रुपमा परिभाषित गऱ्यो । प्रेस स्वतन्त्रतालगायतका आधारभूत स्वतन्त्रतालाई कुन्ठित गर्न नपाइने व्यवस्था गरियो । लामो संघर्षपछि सन् १९३१ मा अमेरिकाको सर्वोच्च अदालतले प्रेस स्वतन्त्रतामाथि कसैले हस्तक्षेप गर्न नपाउने स्पष्ट गऱ्यो । तर, राष्ट्रियहित र राष्ट्रिय सुरक्षाका सवालमा प्रेसले जथाभावी सूचना प्रवाह गर्न नपाउने कुरा स्पष्ट गर्दै सन् १९७१ मा न्यूयोर्क टाइम्स विरुद्ध पेन्टागन (रक्षा मन्त्रालय) का गोप्य कागजपत्र प्रकाशित गरेको अभियोगमा मुद्दा चलाइयो । भियतनाम युद्धसँग सम्वन्धित ती गोप्य दस्तावेज प्रेसले प्रकाशित गर्दा राष्ट्रिय सुरक्षामा आघात पुगेको सरकारको ठहर थियो । सर्वोच्च अदालतका नौ जना न्यायाधीशको इजलासमा छ जना एकातिर र तीन जना अर्कातिर भएर फैसला दिए । राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई विद्युतीय संचारमाध्यमहरुले पनि बुझ्नु पर्ने तर्क गर्दै सन् १९२७ मा अमेरिकी कांग्रेसले रेडियो प्रशारण ऐन लागू गऱ्यो । त्यसमा विद्युतीय संचार माध्यमले समाचार, विचार र मनोरञ्जनका सामग्री प्रसारण गर्न पाउने तर वकालत गर्न नपाउने स्पष्ट गरियो ।

प्रेसको दायित्व र राष्ट्रिय सुरक्षाका सवालमा नेपाली प्रेसले त्यति धेरै संघर्ष गर्नु परेन । सन् १९०१ मा श्री ३ देव शमशेरले गोरखापत्रको प्रकाशन सुरु गर्दा स्पष्ट शव्दमा सनदपत्र जारी गरेका थिए । प्रजातान्त्रिक चेतनाको पूर्ण अभाव रहेको त्यो कालखण्डमा गोरखापत्र जनचेतना जगाउन होइन, केवल सरकारको सूचनापत्रका रुपमा छापिएको थियो । राष्ट्रिय सुरक्षाका बारेमा त्यति चासो नभएपनि सो समयमा 'फौज विषय र हातहतियार, राजकाजका विषय' नछाप्नु भन्ने आदेश थियो । नेपालमा कति सैनिक र कति हतियार छन् भनेर विदेशीले थाहा नपाउन् भनेर त्यस्तो आदेश दिइएको हुन सक्छ । त्यस्तै राणाकालमा सुनखानी भेटिएका कुरा पनि छाप्न निषेध गरिएको थियो । सुरक्षा सम्वन्धी समाचारबारे सदनपत्रमा भनिएको छ -"पहाड मदेशमा जुलुम भयाको कुरा छपाउन आयो भने भन्न आउने मानिसको सैछाप गराइ वेदाममा छापि दिनु ।

राष्ट्रिय सुरक्षाका बारेमा प्रेस जगत निक्कै सतर्क हुनैपर्छ । अमेरिकाको सदन हाउस अफ रिप्रिजेन्टेटिभ एन्ड सिनेट, बेलायतको हाउस अफ कमन्स र हाउस अफ लर्डस् इरानको मजलिस, जापानको डायट, भारतको लोकसभा र राज्यसभा, अफगानिस्तानको शोरा आदि कुनै पनि संसदमा छलफल भएका राष्ट्रिय सुरक्षाका कुरा प्रेसमा समाचार बन्ने गर्छन् ।

दक्षिण एसियाको राजनीतिमा भारत एउटा प्रभावशाली 'एपिसेन्टर' बनेर रहेकाले नेपालका मात्र होइन, दक्षिण एसियाकै प्रभावशाली दलहरु भारतबाट प्रभावित छन् । नेपालका दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी एमाले भारतमै जन्मेकाले त्यहाँको नीति र नेताबाट प्रभावित हुनु स्वभाविक हो । २०५२ साल फागुन १ गते ४० वटा माग राखेर विद्रोहमा हिडेको नेकपा माओवादीका कैयन् माग सुरुमा भारतप्रति लक्षित थिए । माओवादीलाई नेपालमा शक्तिशाली दलका रुपमा स्थापित गराउन सञ्चारमाध्यमहरुले खेलेको नकारात्मक भूमिकाले आज नेपाली राजनीति प्रभावित देखिएको छ ।

नेपालमा मात्र होइन, श्रीलंका, बंगलादेश र भुटानसम्म पनि दिल्लीको प्रभावले राजनीति चल्ने गरेको छ । बेलायतस्थित बंगलादेशी लेखक एमवीआई मुन्सीले आफ्नो पुस्तक' द इन्डिया डक्ट्रिन' मा त्यसको तथ्यपूर्ण वर्णन गरेका छन् । त्यस्तै श्रीलंकाका रणनीतिक विश्लेषक प्रो. रोहण गुणरत्नेले आफ्नो 'इन्डियन इन्टरभेन्सन इन श्रीलंका' भन्ने पुस्तकमा भारतले शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि पनि तमिल छापामारहरुलाई हतियार र आर्थिक सहायता दिएको कुरा सप्रमाण व्याख्या गरेका छन् । **नेपालमा 'र' को चलखेल** (लेखक डा. शास्त्रदत्त पन्त) तथा रोहण गुणरत्नेको 'श्रीलंकाज इथ्निक क्राइसि एन्ड नेसनल सेक्युरिटी' पुस्तकमा पनि राष्ट्रिय सुरक्षा कमजोर पार्न सञ्चारमाध्यम र दलहरुलाई एकैसाथ प्रयोग गरिन्छ भन्ने प्रशस्त उदारहण छन् । "अखण्ड भारत" स्थापना गर्ने सपनामा भारतले छिमेकीहरुलाई कमजोर पार्न विभिन्न छिमेकी देशका दलहरुलाई कठपुतली बनाइरहको उल्लेख गर्दै एमीआई मुन्सीले सन् १९७७ को अगस्त १५ मा डा. कालीदास वैद्यको नेतृत्वमा बंगलादेशलाई टुक्रयाउन 'निखिल बंग नागरिक संघ' खोलिएको बताएका छन् । त्यसलाई बंगलादेशका भारतपरस्त सञ्चारमाध्यमहरुले निकै महत्व दिएका थिए ।

सन् १९८० को दशकमा डा. हर्क गुरुङले नेपालमा आप्रवासी समस्या रोक्नुपर्ने उल्लेख गर्दै प्रतिवेदन सार्वजनिक गरेपछि नेपाल सद्भावना परिषद् र नेपालका भारतपरस्त सञ्चारमाध्यमले त्यसको तत्काल विरोध गरे । कालान्तरमा सोही परिषद्ले नेपाल सद्भावना पार्टीको रुप लियो । नागरिकता समस्या व्यापक रहेको प्रचार गर्दै संसदमा अर्थ विधेयकको खोल ओढाएर नागरिकता विधेयक पारित गर्न खोजियो । यसमा भारतपरस्त सञ्चारमाध्यमहरुले सहयोगीको भूमिका खेले । चीनका प्राध्यापक वाङ् होङ ओइले राजा वीरेन्द्रको राष्ट्रवादी नीति सहन नसकेर भारतले नारायणहिटी हत्याकाण्ड गराएको आरोप लगाएका छन् । माओवादीहरुले दशवर्षे द्वन्द्वका बेला भारतमा आश्रय लिनु, उनीहरुले तालिम र सहयोग पनि पाएका समाचारहरु आउनु र कालान्तरमा दिल्लीमै १२ बुँदे समझदारी भएपछि दोस्रो जनआन्दोलन चर्किनुलाई संयोग मात्र मान्न सकिँदैन । यसमा नेपाल र भारतका सञ्चारमाध्यमहरुले ठूलो भूमिका खेलेका छन् ।

राष्ट्रिय सुरक्षालाई सुदृढ तुल्याउन तथा राष्ट्रिय हितका पक्षमा जनमत बनाउन प्रेसको भूमिका महत्वपूर्ण हुन्छ । सन् १९४१ को डिसेम्वर ७ तारीखमा अमेरिकाको पर्ल हार्वरमा जापानले हवाई आक्रमण गरेपछि संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत, सोभियत संघ जस्ता प्रभावशाली देशहरुले राजनीतिक र सैनिक गठबन्धन गरे । त्यसले विश्वमै ठूलो तरङग पैदा गऱ्यो । नाजी र फासिष्ट चिन्तनका विरुद्ध उनीहरु एकीकृत भएपछि त्यसले विश्व राजनीतिलाई मात्र होइन, धेरै देशको राष्ट्रिय सुरक्षा नीति र प्रेस जगतलाई समेत प्रभावित पाऱ्यो । विन्स्टन चर्चिल, स्टालिन र रुजबेल्ट जस्ता नेताहरु अखवार तथा रेडियोका प्रमुख समाचारमा आइरहे । नाजी जर्मनी पराजित भएपछि जापान विरुद्ध युद्धको घोषणा गरियो । त्यतिबेला दुइ ध्रुवमा बाँडिएको विश्व राजनीतिसँगै विश्वको प्रेस जगत्पनि दुई ध्रुवमा विभक्त हुन पुग्यो । राष्ट्रिय सुरक्षा र प्रेसवीचको अन्तर सम्वन्धबारे अध्ययन गर्दा १९१४-१८ बीचको प्रथम विश्वयुद्ध र त्यसपछिका तीन दशकमा विश्व पत्रकारितामा आएको परिर्वतन रोचक मात्र छैन, अत्यन्त संवेदनशील पनि छ । *(क्रमशः)*